# लेखापरीक्षण प्रतिवेदन

## फिक्कल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# फिक्कल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/456

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

फिक्कल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

खाङसाङ,सिन्धुली।

## कैफियतसहितकोराय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४७ लाख २२ हजार,सामाजिक सुरक्षा तथा संरक्षणको रु.६ करोड ७९ लाख ३७ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार , स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४० लाख, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजनाको रु. १ लाख, सामाजिक विकास कार्यक्रमको रु. ३ लाख ७१ हजार र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु. ४ लाख २५ हजार समेत गरी रु. ७ करोड ७९ लाख ७० हजार समावेश गरेको छैन।

२.गाउँपालिकाको रु. १ अर्ब ८ करोड ५० लाख १७ हजार लेखापरीक्षण गरिएकोमा रु. २ करोड ३७ लाख ६२ हजार बेरुजु देखिएकोमा रु. ८१ लाख ५१ हजारको प्रतिक्रियाबाट फर्स्यौट भएकोमा बाँकी बेरुजु रु. १ करोड ५६ लाख ११ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रु. २ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५३ लाख ८ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३० हजार रहेको छ। गत वर्ष सम्म रु.११ करोड ५९ लाख ७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ३९ लाख ५३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने फिक्कल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम

आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी फिक्कल गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ६४ | २,३७,६२,२६४ | ० | ३६ | ८१,५१,१८७ | ० | ७२ | २८ | १,५६,११,०७७ | २,७२,६९७ | १,००,३०,४५७ | ५३,०७,९२४ | ० | ० | १,५३,३८,३८१ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ११,५९,०७,००० | ० | ४,७५,६५,१८० | ६,८३,४१,८२० | ० | १,५६,११,०७७ | ८,३९,५२,८९७ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २०.२ | सोझै खरिद | ९,४५,१६८ |
| २ | २०७७/७८ | २५.४ | प्रशासनिक तथा कार्यक्रम | ४,५४,८८१ |
| ३ | २०७७/७८ | १८.१ | विपद तथा कोभिड-१९ व्यवस्गथापन | ५,००,००० |
| ४ | २०७७/७८ | १६.१ | शिक्षा | २७,८०५ |
| ५ | २०७७/७८ | २८.३ | शिक्षा तर्फ | १,७९४ |
| ६ | २०७७/७८ | २१ | ठेक्का व्यवस्थापन | १,८५,४८,५३२ |
| ७ | २०७८/७९ | ६४ | जडान प्रमाण | ३२,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७८/७९ | ४९ | अनुगमन भत्ताः | ५७,४६० |
| ९ | २०७८/७९ | ५०.१ | स्वास्थ्य चालुतर्फः | २७,३०० |
| १० | २०७८/७९ | ७९.४ | सामाजिक सुरक्षा | ५,२९० |
| ११ | २०७८/७९ | ३२ | निगुरेखोला रातामाटा काफलचुरी स्तरोन्नतीः | ४,५५,००० |
| १२ | २०७८/७९ | ६१.४ | गाउँपालिका चालुतर्फः | ७,४२५ |
| १३ | २०७८/७९ | २७,३६,५७ | बायोइन्जिनियरिङ्ग,तर्किनीबेशी खाङसाङ वडा कार्यालय स्तरोन्नती र युवा स्वरोजगार | १९,०८,०८८ |
| १४ | २०७९/८० | ४१ | सोलु बरडाडा लिफ्ट सिंचाई योजना | २,५८,७९७ |
| १५ | २०७९/८० | ३४ | समन्वय भत्ता | ५२,०८० |
| १६ | २०७९/८० | २७ | राजस्व दाखिला बाँकी | ३५,१०१ |
| १७ | २०७९/८० | १२ | बढीदरमा भुक्तानी | ३,४०० |
| १८ | २०७९/८० | २५ | पेस्की बाँकी | १६,५३,८८० |
| १९ | २०७९/८० | ३८ | करारको कर्मचारी महंगी भत्ता | ३,९२,००० |
| २० | २०८०/८१ | ८८ | पाठ्य पुस्तक - | १,३९,०९२ |
| २१ | २०८०/८१ | ८५.१ | पारिश्रमिक कर - | ३,७५० |
| २२ | २०८०/८१ | ३४ | पेश्की बाँकी - | ६,६०,००० |
| २३ | २०८०/८१ | ५१ | फिक्कल चुचुरो खानेपानी योजना - | १६,००,००० |
| २४ | २०८०/८१ | ६९ | बैठक भत्ता असुल - | ९,५८१ |
| २५ | २०८०/८१ | ८१ | संघीय संचित कोषमा फिर्ता - | ५५,३६,०२३ |
| २६ | २०८०/८१ | ९० | सामुदायिक विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा सम्बन्धमा - | १,८५,१७८ |
| २७ | २०८०/८१ | ५६ | कक्षा ८ परिक्षा संचालन - | १७,५६३ |
| २८ | २०७४/७५ | ३२ | पदाधिकारीको घर भाडा | ४८००० |
| २९ | २०७४/७५ | ३३ | सवारी साधन खरिद | ३२३९००० |
| ३० | २०७४/७५ | ४९ | पुँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च गरेको | ६३५६१० |
| ३१ | २०७४/७५ | ६२ | सोझै खरिद | ३७८८८९७ |
| ३२ | २०७४/७५ | ७५ | पदाधिकारीको भान्से सुविधा | ११३६१० |
| ३३ | २०७४/७५ | ९१ | अन्य कार्यालयको खर्च भुक्तानी | १५३९०४ |
| ३४ | २०७४/७५ | ९४ | गत आवको भुक्तानी | ३१५००० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७४/७५ | ९८ | पदाधिकारीको भ्रमण आदेश | ३७००० |
| ३६ | २०७४/७५ | ९९ | शैक्षिक भ्रमण अवलोकन | ६२५०० |
| ३७ | २०७४/७५ | १०२ | सरकारी सवारी साधन अन्य व्यक्तिलाई प्रयोग गर्न दिँदाको इन्धन खर्च | १६००० |
| ३८ | २०७४/७५ | १०५ | पेशागत संगठनलाई भुक्तानी | १३००० |
| ३९ | २०७४/७५ | ११० | असम्बन्धित सामाग्री खरिद | २४६५००० |
| ४० | २०७५/७६ | ५२ | फरक योजनामा कार्य | ८००००० |
| ४१ | २०७५/७६ | ५३.२ | विनियोजन भन्दा बढी खर्च | १०७३३३१ |
| ४२ | २०७५/७६ | ६८ | सभा सञ्चालन खर्च | ७५४०४५ |
| ४३ | २०७५/७६ | ६९ | पदाधिकारी चाडपर्व खर्च | ३११००० |
| ४४ | २०७५/७६ | ७० | पदाधिकारी पोशाक खर्च | ३४०००० |
| ४५ | २०७६/७७ | ३० | सोझै खरिद | ९०२०६९ |
| ४६ | २०७६/७७ | ३७ | स्यानेटरी प्याड खरिद सम्बनधमा | ९९७२१२ |
| जम्मा | | | | ५,५७,१६,३६८ |

# (८०३२५५०४३०० - फिक्कल गाउँपालिका, सिन्धुली )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस फिक्कल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६. वडा, ३१ सभा सदस्य, १८६.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १५९१० जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** – लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** – यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८। १० देखि २०८१ ।८।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** – लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** – कार्यालयको आय – व्ययतर्फ रु.१ अर्ब ८ करोड ५० लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** – लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २११६९०।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा मिति २०८०।८।१२ भौचर नम्बर १५४२४५०८ राष्टिय वाणिज्य बैक सिन्धुलीबाट दाखिला | १६८०० |
| २ | कर वापत ( बेरुजु १५१११ ) | २४०० |
| ३ | बढि भुक्तानी भएको ( बेरुजु १५१११ ) | १६४६५५ र २७८३५ |
| | जम्मा | २११६९० |

२ **एकिकृत आर्थिक विवरण**

फिक्कल गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु | ३२९४२४३२०.०२ |
| | बैंक मौज्दात | २४८२०७८१.८७ | २ | पूँजीगत | १२०१८४३९६ |
| २ | यस वर्षको धरौटी आम्दानी | ४४३८०२९.४० | ३ | धरौटी फिर्ता | ७२४०१०७.३० |
| ३ | आन्तरिक राजश्व आम्दानी | | ४ | कोष खर्च | |
| | आन्तरिक राजश्व | १०८५५७८८.५६ | | आकस्मिक कोष | १९५६ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | २३०४५२३६.८३ | | प्रकोप व्यवस्थापन कोष | ९१४२ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७१२३०९४२.०७ | | कर्मचारी कल्याण कोष | ० |
| | अन्य आय राजश्व वाडफाड स्थानीय | २५६३१७० | ५ | सडक बोर्ड तथा विविध | २४७१३४५ |
| ४ | संघीय सरकारबाट प्राप्त अनुदान | | ६ | गरिबसंग विश्वश्वर कार्यक्रम | ४१४८६० |
| | वित्तीय समानिकरण अनुदान | ७२९१२००० | ७ | सामाजिक विकास कार्यक्रम | ३७१४९५ |
| | सशर्त अनुदान | २२०३८२३०६.६ | ८ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १००००० |
| | समपुरक अनुदान | ५७९५८२५ | ९ | सामाजिक सुरक्षा तथा संरक्षण | ६७९३६५५७ |
| | विशेष अनुदान | ११९९९९९६ | १० | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४७२२००० |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ११ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४०००००० |
| | वित्तीय समानिकरण अनुदान | ७१२५००० | १२ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२५००० |
| | सशर्त अनुदान | १९०९५८०५ | | | |
| | समपुरक अनुदान | १०४७४६६८ | | | |
| | विशेष अनुदान | ६९८४२०० | | | |
| ६ | विभिन्न कोष तर्फको आय | | | | |
| | आकस्मिक कोष | ० | १३ | मौज्दात | |
| | प्रकोप व्यवस्थापन कोष | ० | | बैंक मौज्दात | २४२२७७००.१० |
| | कर्मचारी कल्याण कोष | ० | | धरौटी मौज्दात | ९०७९८६१.९१ |
| | विषयगत निकायबाट प्राप्त रकम | | | कल्याण कोष खाता | ६४१५६७ |
| ७ | सडक बोर्ड नेपाल तथा विविध | २८४२६३२.८१ | | प्रकोप व्यवस्थापन खाता | |
| | जिल्ला समन्वय समिति | | | सडक बोर्ड तथा विविध | १२८५९८६.८१ |
| ८ | गरिबसंग विश्वश्वर कार्यक्रम | ४१४८६० | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सामाजिक विकास कार्यक्रम | ३७१४९५ | | | |
| १० | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १००००० | | | |
| ११ | सामाजिक सुरक्षा तथा संरक्षण | ६७९३६५५७ | | | |
| १२ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४७२२००० | | | |
| १३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४०००००० | | | |
| १४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२५००० | | | |
| | **जम्मा** | **५७२५३६२९४.१४** | | **जम्मा** | **५७२५३६२९४.१४४** |

**मलेपफानं २७०** आ.व.: २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति रभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क.स./ आर्थिक सङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| ११००० | कर | १०,०४,६३,३७४.५१ | १०,०४,६३,३७४.५१ | ७,०५,००,९१६.०१ | ७,०५,००,९१६.०१ |
| १३००० | अनुदान | ३५,४७,६९,८००.६० | ३५,४७,६९,८००.६० | ३८,८६,१४,३७३.५८ | ३८,८६,१४,३७३.५८ |
| १४००० | अन्यराजस्व | ६०,०३,८७६.९३ | ६०,०३,८७६.९३ | ७०,९२,९३०.७६ | ७०,९२,९३०.७६ |
| १५००० | विविधप्राप्ति | १०,१९,२५७.०० | १०,१९,२५७.०० | १६,९३,४४८.०० | १६,९३,४४८.०० |
| क | **कुलजम्मा प्राप्ति** | ४६,२२,५६,३०९.०४ | ४६,२२,५६,३०९.०४ | ४६,७९,०१,६६८.३५ | ४६,७९,०१,६६८.३५ |
| ३ | चालु | ३२,९४,२४,३२०.०२ | ३२,९४,२४,३२०.०२ | ३१,१५,९१,६२४.१२ | ३१,१५,९१,६२४.१२ |
| २१००० | पारिश्रमिक / सुविधा | १८,१४,६१,३९५.१६ | १८,१४,६१,३९५.१६ | ९,३०,५१,४९१.९२ | ९,३०,५१,४९१.९२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ८,६७,२८,०१८.८६ | ८,६७,२८,०१८.८६ | ९,१८,३५,२५१.२० | ९,१८,३५,२५१.२० |
| २५००० | सहायता (Subsidy) | ४,२५,०५,३६७.०० | ४,२५,०५,३६७.०० | २,३६,८२,२३६.०० | २,३६,८२,२३६.०० |
| २६००० | अनुदान | ९७,२०,१५५.०० | ९७,२०,१५५.०० | ९,२०,४४,९८५.०० | ९,२०,४४,९८५.०० |
| २७००० | सामाजिकसुरक्षा | ७१,१७,३०७.०० | ७१,१७,३०७.०० | ९१,८५,०६९.०० | ९१,८५,०६९.०० |
| २८००० | अन्यखर्च | १८,९२,०७७.०० | १८,९२,०७७.०० | १७,९२,५९१.०० | १७,९२,५९१.०० |
| ४ | पूंजीगत | १२,०१,८४,३९६.०० | १२,०१,८४,३९६.०० | १७,३३,०९,६९३.०६ | १७,३३,०९,६९३.०६ |
| ३१११० | भवनतथा संरचना | २,६४,५२,०२९.०० | २,६४,५२,०२९.०० | ३,०८,६५,३४४.१५ | ३,०८,६५,३४४.१५ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २१,५३,१९९.०० | २१,५३,१९९.०० | ३७,८५,४७५.०० | ३७,८५,४७५.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | १,६२,३५०.०० | १,६२,३५०.०० | १४,४७,५००.०० | १४,४७,५००.०० |
| ३११४० | सुरक्षाउपकरण | ० | ० | ३८,३३,०९७.०० | ३८,३३,०९७.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ९,०९,०९,७०८.०० | ९,०९,०९,७०८.०० | १३,२०,५६,११६.९१ | १३,२०,५६,११६.९१ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ५,०७,११०.०० | ५,०७,११०.०० | ११,९७,१६०.०० | ११,९७,१६०.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | ० | ० | १,२५,०००.०० | १,२५,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ४४,९६,०८,७१६.०२ | ४४,९६,०८,७१६.०२ | ४८,४९,०१,३१७.१८ | ४८,४९,०१,३१७.१८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | १,२६,४७,५९३.०२ | १,२६,४७,५९३.०२ | (१,६९,९९,६४८.८३) | (१,६९,९९,६४८.८३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | (२४,४१,८८८.०९) | (२४,४१,८८८.०९) | ४१,६६,२३७.३१ | ४१,६६,२३७.३१ |
| घ.१) | **कट्टीरकम भुक्तानी/** | | | ३२९.०२ | ३२९.०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | दाखिला गर्न बाकी | | | | |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | १,०२,०५,७०४.९३ | १,०२,०५,७०४.९३ | (१,२८,३३,४११.५२) | (१,२८,३३,४११.५२) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | २,५०,३०,११०.८९ | २,५०,३०,११०.८९ | ३,७८,६३,५२२.४१ | ३,७८,६३,५२२.४१ |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,५२,३५,८१५.८२ | ३,५२,३५,८१५.८२ | २,५०,३०,११०.८९ | २,५०,३०,११०.८९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरणको विश्लेषण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६७९३६५५७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४७२२०००, गरिबसंग विशेश्वर रु ४१४८६० सामाजिक विकास कार्यक्रम रु ३७१४९५ राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन योजना रु १००००० स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम रु ४०००००० र आन्तरिक मामिला तथा कानून मन्त्रालय रु. ४२५००० समेत गरी रु ७७९६९९१२ सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २०९३२९.०२ , यस वर्षको प्राप्ति रु ८५४५९२०३.२३, यस वर्षको भुक्तानी रु ८७६९२४६२.३ र बैङ्क मौज्दात रु ७०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | २५०३०११०.८९ | ४६२२५६३०९.०४ | ४४९६०८७१६.०२ | ३५२३५८१५.८२ |
| एकीकृत आर्थिक विवरणअनुसार | २४८२०७८१.८७ | ५४७७१५५१२.२७ | ५३७३०११७८.३२ | ३५२३५११५.८२ |
| फरक | २०९३२९.०२ | ८५४५९२०३.२३ | ८७६९२४६२.३ | ७०० |

३.३ फरक जिम्मेवारी –पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २४८२०७८१.८७ मौज्दात रहेकोमा यो वर्ष रु २५०३०११०.८९ जिम्मेवारी सारेको छ ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २०९३२९.०२ बढि जिम्मेवारी सारेको देखिन्छ। बढी जिम्मेवारी सम्मबन्धमा आ.व. २०७९।८० सुत्रको कम्पाइल रिपोर्ट २७२ अनुसुचि २४ अनुसार बैक अनुसार बाँकि रु २४८२०७८१.८७ देखिएको र आ.व. २०७९।८० को म.ले.प. प्रतिवेदनमा पनि बैंक मौज्दात रु २४८२०७८१.८७ नै बाँकी देखिन्छ। तर आर्थिक वर्ष २०८०।८१ बाट कार्यान्वयनमा आएको सुत्र म.ले.प.फा.नं.२७० को टिप्पणी ६.२ मा गत बर्षको संचितकोषको मौज्दात बैक अनुसार रु ११३७१४७८.०६ रहेकोमा स्रेस्ता अनुसार रु ११५८०८०७.०८ देखिएकोले फरक रु २०९३२९.०२ पर्न गएकोमा हिसाब मिलान गरिनुपर्दछ।

३.४ बैङ्क हिसाब विवरण - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२)अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं. २१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २४२२७७००.१ | २४२२७७००.१ | ० |
| चालु खर्च खाता | | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १२८५९८६.८१ | १२८५९८६.८१ | ० |
| विपद व्यवस्थापन खाता | ० | ० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| विविध कोष खाता | ६४१५६७ | ६४१५६७ | ० |
| धरौटी | ९०७९८६१.९१ | ९०७९८६१.९१ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | ३५२३५११५.८२ | ३५२३५११५.८२ | ० |

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको

कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकमको अभिलेख राखेको छैन साथै कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको पाइएन,

•दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन दिने गरेको पाईएन,

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको,

• निजामति सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ,

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन,

• जिन्सी सामाग्रीहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला नगरेको,

• तोकिए बमोजिम जिन्सी निरिक्षण नगरको,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

५ **फरक शिर्षकबाट खर्च** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ र नियमावली २०७७ मा सरकारी बजेट खर्च गर्दा जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले कार्यपालिकाको निर्णय र गाउँ सभामा निर्णय अनुमोदन गरी खर्चहरुको शिर्षक फरक पारी खर्च गरेको देखियो ।यसरी एउटा शिर्षकबाट खर्च हुनुपर्नेमा अर्को शिर्षकबाट खर्च लेखिएको नियमसम्मन देखिदैन पालिकाले आगामि दिनमा यस तर्फ सुधार गर्नु पर्ने देखिन्छ ।

| भौन/मिति | विनियोजन शिर्षक स्वीकृत कार्यक्रम | भुक्तानी गरेको शिर्षक खर्च गरेको विवरण | रकम रु |
|---|---|---|---|
| गाउँपालिकाचालु खर्च तर्फ | | | |
| ३६२। २०८१।२। २७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | खेल खर्चको भुक्तानी | ७५४६० |
| ३६९। २०८१।०३। ६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | आर्थिक सहायता | ३००००० |
| ३७४। २०८१।३।९ | सेवा र परामर्श खर्च | सूचना प्रकाशनको भुक्तानी तथा कार्यालय सामाग्री खरिद | ४७७८५ |
| ४०६। २०८१।३। १९ | बाल क्लब गठन तथा क्षमता विकास | अपाङ्गता भएको व्यक्तिको लागि समुदायमा आधारित पुन स्थापना सहयोग कार्यक्रम | १२०००० |
| ४१४। २०८१।३। २१ | पदाधिकारी अन्य सुविधा अपाङ्ग सिपमूलक तालिम खर्च | इन्धनको भुक्तानी | ३६५५३५ |
| ४२६। २०८१।०३। २२ | कर्मचारी योगदानमा आधारित निवृत्तिवरण तथा उपदानकोष खर्च | सवारी मर्मत खर्चको भुक्तानी | ८४२०० |
| ४२७। २०८१।०३। २२ | कर्मचारी योगदानमा आधारित निवृत्तिवरण तथा उपदानकोष खर्च | सवारी मर्मत खर्चको भुक्तानी | ८३२२५ |
| ४२८। २०८१।०३। २२ | कर्मचारी योगदानमा आधारित निवृत्तिवरण तथा उपदानकोष खर्च | सवारी मर्मत खर्चको भुक्तानी | ४७३६० |
| ४२९। २०८१।०३। २२ | कर्मचारी योगदानमा आधारित निवृत्तिवरण तथा उपदानकोष खर्च | सवारी मर्मत खर्चको भुक्तानी | ४६८३७५ |
| ४३०। २०८१।०३। २२ | कर्मचारी योगदानमा आधारित निवृत्तिवरण तथा उपदानकोष खर्च | सवारी मर्मत खर्चको भुक्तानी | ९४८३० |
| ४३९। २०८१।३। २३ | बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम मनोपरामर्श कार्यक्रम बाल क्लब गठन बालबालिकाको स्थिति पत्र तयारी | विविध खाद्यान्न सामाग्री तथा होटल खर्चको भुक्तानी | १२२९८५ |
| ४४२। २०८१।३। २३ | शिक्षण सुधार सहयोग कार्यक्रम | दैनिक भ्रमण भत्ता भुक्तानी | २०१०० |
| ४४४। २०८१।३। २३ | शिक्षण सुधार सहयोग कार्यक्रम | विविध र मर्मतको भुक्तानी | ४५९३० |

| | | | |
|---|---|---|---|
| ४४७। २०८१।३। २४ | बालबलिकाको स्थितिपत्र तयारी | दैनिक भ्रमण भत्ता तथा मर्मतको भुक्तानी | ५८९७ |
| पुँजीगत खर्चतर्फ | | | |
| १८४। २०८१।३। २१ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | ८१६५ |
| १८५। २०८१।३। २२ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | २२९१२५ |
| १८७। २०८१।३। २२ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | ४२५०० |
| १८८। २०८१।३। २२ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | ६२३४५ |
| १९६। २०८१।३। २३ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | ६२९७० |
| १९८। २०८१।३। २३ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | २८४५५० |
| १९९। २०८१।३। २३ | विभिन्न योजनाहरुको आव २०७९।८० बाट सृजित दायित्व भुक्तानी बाँकी | सवारी मर्मतको भुक्तानी | ९८४२० |
| २००। २०८१।३। २३ | खाङसाङ स्वास्थ्य चौकी निर्माण | रत्नावती स्वास्थ्य चौकी निर्माण | ५५८००० |
| | | अनियमित भएको | ८२,३०,४५७ |

६ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्ने देखिन्छ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

८ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकामा उप- प्रमुखले मिति २०८०।३।७ गते रु ५३ करोड ३९ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/०३/२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

९ **बजेट खर्च** -

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| कुल बजेट शंसोधन सहित | कुल बजेट खर्च रु | चालु खर्च रु. | प्रतिशत | पूँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| ५४२१७१३८२.६६ | ४४९६०८७१६.०२ | ३२९४२४३२०.०२ | ७३.२६ | १२०१८४३९६ | २६.७४ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ५४ करोड २१ लाख ७१ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ३२ करोड ९४ लाख २४ हजार र पूँजीगत तर्फ रु. १२ करोड १ लाख १८ हजार गरी कुल खर्च रु. ४४ करोड ९६ लाख ८ हजार अर्थात कुल खर्चको तुलनामा २६.७४ प्रतिशत पूँजिगतमा र ७३.२६ प्रतिशत चालुमा खर्च भएको छ ।

१० **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु १०८५५७८८.५६ र राजस्व बाँडफाँडवाट रु ९४२७६१७८.९ गरी जम्मा रु १०५१३१९६७।४६ र अनुदानबाट रु ३५४७६९८००.६ समेत रु ४५९९०१७६८.०६ आम्दानी भएकोमा चालु तर्फ रु ३२९४२४३२०.०२ र पूँजिगत तर्फ रु १२०१८४३९६ समेत रु ४४९६०८७१६.०२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५०८५६६० खर्च भएको छ जुन आन्तरिक आयको ४६.८५ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ७३.२६ प्रतिशत चालु, २६.७४ प्रतिशतमात्र पूँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३४२०००० | १९१६७६४५ | ४.२६ |
| २ | पूर्वाधार विकास | ११२३१७००० | ७५५१३४२७ | १६.८ |
| ३ | सामाजिक विकास | २७४२५४००० | २५३९४४८६२ | ५६.४८ |
| ५ | वातावरण तथा विपद | २५३८७००० | १८३१६६०७ | ४.०७ |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | १०६७९३३८२.६६ | ८२६६६१७५.०२ | १८.३८ |
| | जम्मा | | ४४९६०८७१६.०२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन भई खर्च गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५६.४८ प्रतिशत र सबै भन्दा घटी वातावरण र विपद क्षेत्रमा अर्थात ४.०७ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्च -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३१२८१४८५ | १७६९०७० | ७१२८७०५ | ९४२३०३४ | १२९६०६६७ | ६२७१४९८ |
| २ | प्रदेश पूँजीगत | २७३६०५४० | ३८२०६८२ | ७९१२२५५ | ५१९२२५ | १२१४४७६१ | ४८२५४३२ |
| ३ | गाउँपालिका पूँजीगत | ६१५४२३७१ | ४५६०७२३ | २१८८३२२५ | ३३१४७५६ | ३२०६०६४२ | २२४३६२२३ |
| | कूल खर्च | १२०१८४३९६ | १०१५०५०५ | ३६९२४१८५ | १३२५७०१५ | ५७१६६०७० | ३३५३३१५३ |
| | खर्च प्रतिशत | १०० | ८.४४ | ३०.७२ | ११.०३ | ४७.५६ | २७.९ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फमात्र वार्षिक रु १२ करोड १ लाख ८४ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु १ करोड १ लाख ५० हजार (८.४४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ३ करोड ६९ लाख २४ हजार (३०.७२ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १ करोड ३२ लाख ५७ हजार (११.०३ प्रतिशत) र चौथो त्रैमासिकमा रु ५ करोड ७१ लाख ६६ हजार (४७.५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ३ करोड ३५ लाख ३३ हजार (२७.९० प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलत हुने गरी कार्य गरिनुपर्दछ ।

## १३ अनुदान फिर्ता -

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | २५१८०२८७१ | २३०२५४००० | २१५४८८७१ |
| | शसर्त पूँजिगत | १२८००००० | १२४२२१४८ | ५७२८२२ |
| | विषेश | १२०००००० | ११९९९९९६ | ४ |
| | समपुरक | ८०००००० | ५७९५८२५ | २२०४१७५ |
| जम्मा | | २८४६०२८७१ | २६०४७१९६९ | २४३२५८७२ |
| प्रदेश सरकार | शसर्त चालु | १९३९०००० | १४७३९४९५ | ४६५०५०५ |
| | शसर्त पूँजीगत | ४५००००० | ४३५६३१० | १४३६९० |
| | विषेश | ७०००००० | ६९८४२०० | १५८०० |
| | समपुरक | २००००००० | १०४७४६६८ | ९५२५३३२ |
| जम्मा | | ५०८९०००० | ३६५५४६७३ | १४३३५३२७ |
| कुल जम्मा | | ३३५४९२८७१ | २९७०२६६४२ | ३८६६११९९ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु २८ करोड ४६ लाख २ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु २६ करोड ४ लाख ७२ हजार बजेट खर्च भइ बाँकी रु २ करोड ४३ लाख २६ हजार मिति २०८१।३।२७ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु ५ करोड ८ लाख ९० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु ३ करोड ६५ लाख ५४ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु १ करोड ४३ लाख ३५ हजार मिति २०८१।३।२७ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

१४ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु १२ करोड १ लाख ८४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको मा खरीद गुरुयोजना वनाएको पाइएन ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको देखिएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन

विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१७ **योजना छनौट र कार्यान्वियन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वियन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू.१ लाख भन्दा कमको योजना | १२ | ६६०००० |
| २ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ३९ | ७२१५००० |
| ३ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | ० | ० |
| ४ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | ३ | ५०००००० |
| ५ | रु २० लाख भन्दा माथिका योजना | ८ | ८१७१२३३३ |
| | जम्मा | ६२ | ९४५८७३३२ |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना १२ ,१ लाख देखि ५ लाख सम्मका योजना ३९ , ५ लाख देखि १० लाख सम्मका योजना नरहेको, १० लाख देखि २० लाख सम्मका योजना ३ र २० लाख देखि माथिका योजना ८ गरी ६२ योजनामा ९ करोड ४५ लाख ८७ विनियोजन गरि साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुदै जाने हुनाले गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो बिकास, वातावरणीय संरक्षण, सामाजिक समावेशीकरण अभिबृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वियन गरिनु पर्दछ।

१८ **ठेक्का बन्दोवस्त** -

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र | ६ | ६७८८७०२०.३ | ३ | २८७४७२८७.८३ | २ | ७४६७१२२.२५ | १ | २३९९८५०। ९५ | ६ | ६७८८७०२०.३ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रु ६ करोड ७८ लाख ८७ हजार लागतको ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु २ करोड ८७ लाख ४७ हजारको ३ ठेक्का, दोश्रो चौमासिकमा रु. ७४ लाख ६७ हजारको २ ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा रु २३ लाख ९९ हजारको १ ठेक्का व्यवस्थापन भएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ६ वटा योजनाहरुमा रु ६ करोड ७८ लाख ८७ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा सम्पूर्ण ठेक्का सम्पन्न भई योजना सम्पन्न भएको देखिन्छ।

१९ **ठेक्का प्रतिस्पर्धा** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ११.८५ देखि ४८.५ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको

स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | निगुरे वेतेनि सडक निर्माण | २० | १९९९७५२१.६४ | १००९०७४७.२७ | ४८.५ | सुदिप बिल्डर्स प्र.लि |
| २ | नारिमखोला बारबिसे ठुल्ढुगा सालुके सडक निर्माण | २१ | १९९९७४८५.१६ | १०१६६६३०.८४ | ४८.१ | यु के बि कन्सट्रसन प्रालि खुर्कोट |
| ३ | गुरुङछाप खुरहरी भञ्याङ झगरे चनौटे सडक स्तरउन्नति | २१ | १५९९९८४०.९२ | ८४८९९०९.७२ | ४५.९८ | सुदिप बिल्डर्स प्र.लि |
| ४ | फिक्कल चुचुरोमा खानेपानी व्यबस्थापन | ३ | ६४९९७९९.०२ | ५२९६३१०.९४ | १८.२१ | सुमन निर्माण सेवा |
| ५ | जितुखोला सोल्पा भञ्याङ हुदै अर्थुङ्गे भञ्याङ सडक स्तरउन्नति | ४ | २४९३३६३.७१ | २१७०८११.३१ | ११.८५ | जयबल कन्सट्रसन प्रालि |
| ६ | देउकिडाडा स्वास्थ्य ईकाई निर्माण | ४ | २८९९००९.८५ | २३९९८५०.९५ | १५.५४ | सुमन निर्माण सेवा |

२० **निर्माण कार्य व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५७ | ६ | ६७८८७०२०.३ | ५१ | ११११९९८६७.४६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५७ योजनामा मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु ६ करोड ७८ लाख ८७ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५१ योजनामा रु १ करोड ११ लाख ९९ हजार खर्च गरेको छ । अर्थात ५७ योजनामा भएको खर्च रु ७ करोड ९० लाख ८६ हजार मध्ये ८५.८४ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र १४.१६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक ग्रावेल र नयाँ पुराना सडकहरुको स्तरोन्नती लगायतको कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२१ **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२२ **परामर्श तथा डीपीआर खर्च -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु ३७,३२,५२२।०० परामर्श शुल्कवापत भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम रु २,३१,६५,४२,७४४ रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम रु. | आयोजनाको तय गरेको लागत |
|---|---|---|---|---|
| १ | चनौटे खेल मैदान | एस्टर ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा ली | ४७८५५५ | ४९५११९९३.६७ |
| २ | सोल्पाठाना खेल मैदान | ईन्टिग्रेटेड डिजाइनर्स एसोसियट्स | ४७६८६० | ३४०८२६२८.१८ |
| ३ | फिक्कल चुचुरो खानेपानी | जेड एक्स इन्जिनियरिङ कन्सल्टेन्सि एण्ड कन्स्ट्रकसन प्रा ली | २९२०१५ | ६४९९९७९९ |
| ४ | बिभिन्न सडक निर्माण आयोजनाको विस्तृत प्रतिबेदन | रिप्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ सर्भिसेज प्रा.लि | ११९८९१३५ | २१५८४८००६१.२४ |
| ५ | IEE | आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४९५९५७ | ९४६९०६२ |
| जम्मा | | | ३७३२५२२ | २३१६५४२७४४ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउने र सो को पर्याप्त विश्लेषण गरि कार्यान्वियनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।

२३ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने गरेको देखियो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले

उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

च) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

२४ **कानुन निर्माण** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या | यो वर्ष बनेका संख्या |
|---|---|---|---|
| १ | ऐन | १७ | १ |
| २ | नियमावली | ५ | – |
| ३ | कार्यविधि, | ३३ | ७ |
| ४ | निर्देशिका | ४ | – |
| ५ | नीति | २ | – |
| | जम्मा | ६१ | ८ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १७ ऐन, ५ नियमावली, ३३ कार्यविधि, ४ निर्देशिका तथा २ नीति गरी जम्मा ६१ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२५ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | २४ | २४ | २० | ४ |

उपरोक्त विवरण अनुसार यस वर्ष नयाँ २४ मुद्दा दर्ता भई २४ मुद्दा रहेकोमा २० मुद्दा फस्र्यौट भई यस आर्थिक वर्षको अन्त्यमा ४ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउन तर्फ ध्यान दिनुपर्दछ ।

२६ **सेवा प्रवाहको स्थिति** -

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता १८१८, मृत्यु दर्ता ४६८ , बसाईसराई दर्ता २६०, विवाह दर्ता ७३३ , सम्बन्ध विच्छेद दर्ता १९ गरी ३२९८ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ । अन्य सेवा प्रवाहलाई पनि अभिलेखिकरण गरिनु पर्दछ ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका अन्तर्गत कृषि पशु स्वास्थ्य आयुर्वेद शाखा सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी २६ र करार ४५ सहित ७१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्रशासन अधिकृत, सव इन्जीनियर, सहायक महिला विकास निरिक्षक गरि ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

२८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** -

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी साविक स्थानीय तहतर्फका ८ जना कर्मचारीलाई रु ४५,२२,४०३।६० तलब भुक्तानी गरेको छ । अत: कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ ।

२९ **कर्मचारी व्यवस्था** -

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक २४ कर्मचारी करारमा नियुक्त गरी यस तलव भत्ता रु. १०५६८३७५ भुक्तानी गरेको पाइयो । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि नियमानुसार दरवन्दी पुर्ति हुने व्यवस्था गर्नु पर्दछ।

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| इन्जिनियर | १ | ४३६८९ | ४८०५७९ | दरबन्दी भित्रका करार |
| कृषि अधिकृत | १ | ४३६८९ | ४३४०५३ | |
| सव इन्जिनियर | २ | ३४७३० | ८९९२१६ | |
| कृषि प्रविधिक चौथो | ५ | ३२९०२ | २१८८६३७ | |
| सहायक चौथो।अहेव | ९ | ३२९०२ | ३९३९५३४ | |
| अनमि | ६ | ३२९०२ | २६२६३५६ | |
| जम्मा | २४ | | १०५६८३७५ | |

३० **अवकास कोष-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा योगदानमा आधारित उपदान वा निवृतिभरण औषधी उपचार लगायतको सुविधा उपलब्ध गराउनका लागी दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाइपाई आएको तलवबाट १० प्रतिशत कट्टा गरी अवकास कोषको व्यवस्था गरीने भनिएता पनि पालिकामा अवकास कोष स्थापना भएको पाइएन।

३१ **सहकारी संस्थाको विवरण-**

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | १४ | १४४२ | २५५५५०० | २४३०३३३१ | ३५९७३०२५ | २९०७१५४.१ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १ | ११० | ४३५०० | ३४८४८३ | २१८६३५ | ५४४४.४८ |
| कृषि सहकारी संस्था लि.तथा अन्य | १९ | १५३० | २४७२३०० | ६७७३३११.४६ | १११९९२२७ | ४८८९५४.५७ |
| जम्माः | ३४ | ३०६४ | ५०७१३०० | ३१२९५२९५.४६ | ४७५२०७३५ | ३४०१५५३.१५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र ३४ वटा सहकारी संस्था ३०६४ वचतकर्ता रहेका छन ।उक्त सहकारी संस्थाहरुमा वचतकर्ताको रु ५०७१३०० को शेयर पूँजी रु ३१२९५२९५.४६ वचत रकम रु ४७५२०७३५ ऋण लगानी तथा रु३४०१५५३.१५ जगेडा कोष रहेको छ । वचत फिर्ताको रकम जोखिम पर्न नदिन पालिकाले अनुगमन गरीनु पर्दछ ।

३२ **आर्थिक सहायता** –

पालिकाले यस वर्ष विपन्न असहाय विपद व्यवस्थापन लगायतमा रु ३००० देखि रु १०००० सम्म अध्यक्षको तोक आदेशको आधारमा रु १०००० माथिको कार्यपालिकाको निर्णयले यस वर्ष ११४ जनालाई रु १८,००,१५०/- आर्थिक सहायता वितरण गरेको छ ।जुन आन्तरिक आय रु १,०८,५५,७८८.५६ को १६.५८ प्रतिशत हुन आउँछ ।आर्थिक सहायता दिँदा स्पष्ट मापदण्ड निर्माण गरेको छैन, विधि निर्माण गरी आर्थिक सहायता परिचालन गरिनुपर्दछ ।

३३ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष गाउँसभा र कार्यपालिका बैठक सञ्चालनमा रु ४९१०९४ ,अतिथि सत्कार, खाजा खाना तथा अन्यमा रु ११९७२९२ गरी कूल रु.

१६८८३८६ खर्च गरेको छ ।जुन आन्तरिक आयको १५.५५ प्रतिशत हुन आउँछ। यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिदुपर्दछ ।

३४ **पेश्की बाँकी** -

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्तिलाई, दिएको आर्थिक वर्ष २०७८।७९ को संस्थागत म्याद ननाघेको पेश्की रु ३०५००० आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गरिनुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको विवरण | आर्थिक वर्ष | पेश्की लिनुको उद्देश्य | म्याद नाघेको रु. | म्याद ननाघेको रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| ३ | सामुहिक सरोकार समाज सिन्धुली /नेपाल | २०७८।७९ | सेवा तथा परामर्श खर्च | ० | १४५००० | १४५००० |
| ४ | सिद्वबाबा टेलिभिजन | २०७८।७९ | डकुमेन्ट्रीको लागि | | १६०००० | १६०००० |
| जम्मा | | | | ० | ३०५००० | ३०५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

३५ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले गत वर्षको रु ४४२६४५० को देहायका फर्मको भुक्तानी बाँकी राखी दायित्व सारी यस वर्ष भुक्तानी गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका र बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने देखिन्छ ।

| योजनाको नाम | रकम |
|---|---|
| माथिल्लो टोल मन्दिर निर्माण | १००००० |
| ठुलो खोला मान्द्रे गैरी कुलो मर्मत | २५००० |
| १ नं. वडा भरिका सडक मर्मत | २५०००० |
| पाथिभरा भ्यागुते खोला सिचाँई कुलो मर्मत | २५००० |
| जल्किनी खेल मैदान निर्माण | ५०००० |
| अर्थेडाडा पैकारी टोल सडक निर्माण | ५०००० |
| सार्की टोल पहिरो नियन्त्रण | १५०००० |
| आहालडाडा तिनखण्डे गैरी गाउँ सडक निर्माण | २००००० |
| जाङजाङ लहरेनी सडक निर्माण | ३००००० |
| करेसावारी सिचाई पोखरी निर्माण मनापु | ७५००० |
| बबला खा पा फिक्कल उप. स. | १७६००० |
| फिक्कल होमस्टे निर्माण | ६४५७१४ |
| बान्द्रे कोल्ड स्टोर निर्माण | ११८१२१७ |
| खानीगाउँ चारघरे सडक निर्माण रत्नावती | ८५००० |
| सवारी साधन तथा मेसिनरी ओजार भाडा | ३०००० |
| सवारी साधन तथा मेसिनरी ओजार भाडा | ३५००० |
| विद्यालयलाई शैक्षिक सहायता | ५८६१४९० |
| आखाँ स्वास्थ्य कार्यक्रम | ११२००० |
| महादेवडाडा मन्दिर निर्माण | १३६५१९ |
| जम्मा | ४४२६४५० |

३६ **सोझै तथा टुक्रे खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ। त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायवमोजिम मेशिनरी औजार, फर्निचर, मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद गरि रु १८,६६,७११।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| क्र.स. | मिति | भौचर नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| २ | ०७/०६/२०८० | ४५ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | जेसिबी र कम्प्युटर मर्मत बिल भुक्तानी गरिएको – एम. ए. डब्लू अर्थ मुर्भस | २६४१४६ |
| ५ | १४/११/२०८० | २६० | | सवारी मर्मत खर्च – युनिक आईडियल अटोमोबाईल्स प्रालि | २८६६५० |
| जम्मा | | | | | ५५०७९६ |
| २१ | २१/०२/२०८१ | ३४१ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय संचालनको विल भुक्तानी- तिमल्सिना बुक्स एण्ड जनरल सप्लायर्स | १३१५९१५ |
| जम्मा | | | | | १८६६७११ |

३७ **निर्माण व्यवसायिबाट काम -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ ।उपभोक्ताले लागत अनुमानको १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता गरी पालिकाले आ व २०८०।८१ मा सञ्चालित सडक मर्मत तथा स्तरोन्नती गर्ने योजनाको नमूना परीक्षण गर्दा योजनाको कार्य निर्माण व्यवसायिबाट गराएको देखिएको छ,जसमा उपभोक्ता समितिलाई रु २८५५८३३ भुक्तानी भएकोमा सो मध्ये रु २४६३२९५ निर्माण व्यवसायि लाई भुक्तानी भएको छ । उपभोक्ता समितिलाई दिएको काम निर्माण व्यवसायीबाट गराएका केही उदाहरण निम्न अनुसार छन् ।

| गो भौ नं र मिति | उपभोक्ता समिति | खर्च रकम | निर्माण व्यवसायि | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४२।२०८०।९।१२ | तिनघरे आँपडाँडाँ चितुवाखर्क मौरी भञ्जाङ सडक निर्माण | ३६८००० | सुदिप विल्डर्स प्रा लि | ४५२८७० |
| ४१।२०८०।९।१२ | जिमिरेबोटे सडक निर्माण उस | ९००००० | सुदिप विल्डर्स प्रा लि | २२४००० |
| ५४।२०८०।९।१७ | पौतिधाप सडक निर्माण उ स | ३६८००० | सुदिप विल्डर्स प्रा लि | ५०८७०३ |
| ८८।२०८०।१२।६ | खानिगाँउ खिर्राबोट सडक निमाण उ स | २३०००० | ए ल वि कन्ट्रक्सन सप्लायर्स | २९२५०० |
| १२६।२०८१।२।२२ | तल्लो खहरी झंगो सडक निर्माण उ स | ३४६५५५ | सुदिप विल्डर्स प्रा लि | ३८५८७० |
| १२५।२०८१।२।२२ | सोल्पा भञ्जाङ जाङ जाङ सडक निर्माण उ स | २०७९१५ | ए ल वि कन्ट्रक्सन सप्लायर्स | २३०५२० |
| १३३।२०८१।२।२५ | बाँसवारी ओखरबोट सडक उ स | १२१५७५ | ए ल वि कन्ट्रक्सन सप्लायर्स | १३८९९० |
| ४४।२०८०।६।५ | वरपानि देखि बडर खोला हुँदै हर्कमानको घर सम्म सडक निर्माण उ स | ७०४८० | ए ल वि कन्ट्रक्सन सप्लायर्स | ७८६४८ |
| १४६।२०८१।३।५ | पूर्ण बहादुरको घर र जयप्रकाशको घर सम्मको सडक निर्माण उ स | १११८६० | ए ल वि कन्ट्रक्सन सप्लायर्स | ६५०८८ |
| १४८।२०८०।३।७ | साविक २ मा नयाँ ट्रयाक सडक निर्माण उ स १ | १३१४४८ | ए ल वि कन्ट्रक्सन सप्लायर्स | ८६१०६ |
| जम्मा | | २८५५८३३ | | २४६३२९५ |

३८ **बढी भुक्तानी**-

२०५।२०८१।३।२४ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । उपभोक्ता समितिको खर्च नमुना परीक्षण गर्दा खेलकुदपूर्वाधार निर्माण वडा नं १ उपभोक्ता समितिको कार्यसम्पन्न प्रतिवेदन अनुसार पि.सि.सि.( १:३:६)कार्य ५.५८ घनमिटर, पि.सि.सि.( १:२:४)कार्य ७.४४ घनमिटर,१:६ को सिमेन्ट वालुवाको मसलामा ढुङगाको गारो लगाउने कार्य ८२.९३ घन मिटर र २० एम एम मोटाई भएको सिमेन्ट वालुवाको मसलामा ढुङगाको गारोमा प्लास्टर गर्ने कार्य १७९.४० वर्ग मिटर सिमेन्ट प्रयोग हुने कार्य गरेको देखिएको छ ।यी कार्यमा लाग्ने सामाग्री मूल्यांङकन गर्दा २३६बोरा सिमेन्ट लाग्ने देखिन्छ।उपभोक्ताले पेश गरेको सिमेन्टको बिल जम्मा ११४ बोरा खरिद गरेको देखिन्छ । यसरी आवश्यकता भन्दा सामाग्री १२२ बोरा सिमेन्ट कम खरिद गरी कार्यसम्पादन मूल्याङनमा २३६ बोरा नै मूल्याङकन तथा भुक्तानी भएको देखिएकोले जिल्ला दररेट रु. ७५० (मु.अ. कर सहित) का दरले हुन आउने बढी भुक्तानी भएको मु.अ.कर रकम असुल गर्नु पर्ने रु .

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५२६ |

३९ **लागत अनुमान** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा आधार लिने कुराहरुको उल्लेख छ । जसमा स्वीकृत नम्स एंव जिल्ला दररेटका आधारमा दर विश्लेषण गरि निर्माण कार्यको लागत अनुमान तयार गरी सम्झौता गर्ने र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मिति २०८०।५।६ मा तयार पारेको १.५*१*१ र २*१*१ को रेडिमेड हेभि जिंक कोटेड तारजालि को प्रति इकाई लागत मूल्य क्रमश रु २३९५.४ र ३२९३.१८ भ्याट बाहेक का दरमा लागत अनुमान तयार गरेको छ र सोही दररेटमा सिलबन्दी दरभाउपत्र आव्हान गरी सबै भन्दा कम मूल्य कवोल गर्ने श्री एल बि मल्टी प्रपोज कम्पनी प्रालि ले रु २४८६ र ३४२६का दरले २०० थान र २४३ थान खरिद गरेको देखिएको छ ।जहाँ जिल्ला दररेट अनुसार प्रति इकाई लागत मूल्य रु २३९५.४ र ३२९३.१८ रहेको यसरी बढी लागत अनुमान गर्दा प्रति इकाई १.५*१*१ को रु ९१ र २*१*१ को १३३ का दरले भुक्तानी हुँदा सिलबन्दी दरभाउ पत्रको माध्यम बाट खरिद गर्दा पनि पालिकालाई रु ५०५१९ पालिकालाई थप व्ययभार परेको छ ।

४० **तयारी जालि खरिद** -

१.५*१*१ को २०० थान र २*१*१ को २४३ थान गरी कुल ४४३ थान जालि विपदको समयमा वितरण गर्ने प्रयोजन लागि लागत अनुमान रु. १४९६७२३.३७ (भ्याट सहित) स्वीकृत गरी मिति २०८०।५।२१ मा सिलबन्दी दरभाउपत्र को सूचना आव्हान गरेकोमा प्रथम पटक दरभाउपत्र दर्ता नभएको र पुनः सूचना प्रकाशन गर्दा ४ वटा सप्लायर्स ले दरभाउ दर्ता गरेकोमा एल बि मल्टी प्रपोज कम्पनी लिमिटेडले सबैभन्दा कम मूल्य रु. ११७५०७५ (भ्याट बाहेक) कवोल गरी दररभाउपत्र दर्ता गरेकोमा निजसँग सम्झौता गरी तयारी जाली खरिद मिति २०८०।८।१७ मा रु. १३२७८३४.७५ भुक्तानी गरेको देखिएको छ । परिक्षणका क्रममा जालिको साइज नखुलेको २६४ थान मात्र वितरण भरपाई देखिएको र बाँकीको वितरण भरपाई पेश नगरेको हुँदा दुवै साइजको जालिको औषत मूल्य प्रति थान रु २९९८ का दर कायम गरि १७९ थान जालि वितरण भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३६,६४२ |

४१ **फरक दर** -

सडक विभागको नम्सको स्पेशिफिकेशन क्लज नं २०१ मा बाटोको माटो फाल्ने तथा पहिरो सम्याउने कार्य मानिसले गर्दा अदक्ष कामदारको १sqm को लागि ओभरहेड र भ्याट सहित रु २०.७९२ र मेसिनबाट गर्ने कार्यको लागि १sqm रु ५.४० हुन आंउछ तर पालिकाले पालिको सम्पूर्ण वडाहरुमा पहिरो सम्याउने र बाटो मर्मत गर्ने कार्यको लागि लागत अनुमान तयार गर्दा नै मेसिनले काम गरेको अवस्थामा पनि मान्छेले काम गरेको दर ले हिसाब गरि लागत अनुमान तयार गरेको छ र सोही दरमा निर्माण व्यवसायिलाई कार्य गर्ने स्थान तोकी निम्नानुसारका योजनामा कोटेशन आव्हान गरी भुक्तानी दिएको देखिएको छ । लागत अनुमान तयार गर्दा नै कुन दर प्रयोग गर्ने नखुलाई भुक्तानी गर्दा पालिकालाई रु १४,५०,२७९।- थप व्यभार परेको छ ।

| गो भौ नं र मिति | आयोजनाको नाम | कामको परिणाम मिटर | मेसिन दर | म्यानुअल दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १२।२०८०।६।६ | बडा नं ३ र ४ को बाटो मर्मत | ६९६४.९ | ५.४ | २०.७९२ | १५.३९२ | १०७२०३ |
| १९।२०८०।६।८ | वडा नं ४ र ५ को बाटो सरसफाइ | ७९८४.१ | ५.४ | २०.७९२ | १५.३९२ | १२२८९१ |
| ५०।२०८०।९।१३ | वडा नं १ र वडा नं६ को बाटो मर्मत | ९४९४.४ | ५.४ | २०.७९२ | १५.३९२ | १४६१३८ |
| | | ६४९४.९ | ५.४ | २०.७९२ | १५.३९२ | ९९९७० |
| ६२।२०८०।९।२९ | वडा नं२ को बाटो मर्मत | १५६८३.१५ | ५.४ | २०.७९२ | १५.३९२ | २४१३९५ |
| ६५।२०८०।११।२५ | वडा नं४ | ११३१४ | ५.४ | २०.७९२ | १५.३९२ | १७४१४५ |
| | वडा नं१ | ५१४४.९ | ५.४ | २०.७९२ | १५.३९२ | ७९१९० |
| | वडा नं५ | ४९२६.२६ | ५.४ | २०.७९२ | १५.३९२ | ७५८२४ |
| | वडा नं५ | ४८८६.०६ | ५.४ | २०.७९२ | १५.३९२ | ७५२०६ |
| ८०।२०८१।१।४ | वडा नं ३ | १०१९१.३ | ५.४ | २०.७९२ | १५.३९२ | १५६८६४ |
| ६७।२०८०।९।२५ | वडा नं ६ | १११३९.१ | ५.४ | २०.७९२ | १५.३९२ | १७१४५३ |
| जम्मा | | | | | | १४५०२७९ |

४२ **खुरहरी खानेपानी आयोजना -**

१७४।२०८१।३।१९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्य सम्पन्न भए बमोजिम सम्झौताको शर्त बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले खानेपानि तथा सरसफाई तर्फ नेवाको साझेदारी मा सञ्चालित खुरहरी खानेपानी आयोजना मिति २०८०।६।१९ मा सम्झौता गरी नेवाको साझेदारी रु २७७५१५८।- गाँउपालिकाको रु २१६१२६१ र जनश्रमदान रु २२५४४७६ गरी कुल लागत रु ७१९०८९५ रहेको छ ।कार्यसम्पन्न प्रतिवेदन अनुसार पालिकाको साझेदारी हिस्सा रकम रु १९८९५४९ रहेकोमा पालिकाले भुक्तानी दिँदा रु २०६३०९५ भुक्तानी दिएको देखिएको हुँदा कार्य सम्पन्न अनुसारको हिस्सेदारीमा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ७३,५४५ |
|---|---|

४३ **बिमा -**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११२को उपनियम (१)मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले आफ्ना निर्माण सामाग्री, मेशिन औजार, प्लाण्ट लगायतको बिमा गराउनु पर्ने उल्लेख छ । उक्त उपनियमको (घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी व्यहोर्ने गरी बीमा गराउनु पर्ने उल्लेख छ ।पालिकामा सञ्चालित योजनाहरुको परिक्षण गर्दा रत्नावती स्वास्थ्य चौकी र खाङसाङ स्वास्थ्य चौकीको भवन निर्माण कार्यसंग सम्बन्धित जोखिम बहन गर्नको लागि निर्माण कार्यको बिमा गराएको नदेखिएकोले आगामी दिनमा कार्यसञ्चालन गर्दा बिमा गराउनु पर्दछ ।

४४ **कार्यसम्पादन जमानत -**

सार्वजनिक खरिद नियमावली को नियम ११० (४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने अवधि (डिफेक्ट लायविलिटिज) अवधि भन्दा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । आ व २०७७।७८ को ठेक्का नं FRM/Sindhuli/Works/NCB/04/2077/78 रत्नावती स्वास्थ्य चौकीको भवन निर्माण कार्यको लागि मिति २०७७ फागुन २५ मा सम्झौता गरी २०७८ फागन २५ मा समाप्त हुनेगरी लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्सबाट कवोल अंक रु ८९०७९८५।३३ मा

सम्झौता गरी कार्यान्वियनमा लगेकोमा पटक पटक म्याद थप गरि अन्तिम म्याद २०८१ जेठ २५ सम्म रहेकोमा मिति २०८१।२।१८ मा कार्य सम्पन्न भएको देखिएकोमा कार्यसम्पादन जमानत को समयावधि भने १४ अगस्ट २०२४ मा नै समाप्त भएको देखिएको ले कार्यसम्पन्न अवधिबाट १३ महिना अवधिको २०८२ आषाढ महिना सम्मको कार्यसम्पादन जमानत को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,४१,००० |

४५ **पाइप वितरण -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा विजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था गरेको छ । पालिका भित्रका वडामा सञ्चालन हुने खानेपानि योजनाको लागि उपभोक्ता समितिहरुको माग बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट विभिन्न साइजका पाइपहरु एल बि पि कन्ट्रकसनबाट खरिद गरेको निम्नानुसारको परिणाममा पाइपहरु वितरण गरेको भरपाई नदेखिएको हुँदा वितरण भरपाई पेश गर्नुपर्ने रु

| क्र स | पाइपको विवरण | खरिद रनिङ मिटर | वितरण | बाँकी | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | २० एम एम | ६६८६ | ४३०० | २३८६ | ३५ | ८३५१० |
| २ | २५ एम एम | ६५३० | २६०० | ३९३० | ५० | १९६५०० |
| ३ | ४० एम एम | १४९८ | १४६० | ३८ | १३० | ३९४० |
| ४ | ५० एम एम | ४६४ | ४०० | ६४ | २०० | १२८०० |
| ५ | ६३ एम एम | १५० | ० | ६३ | २९९ | १८८३७ |
| जम्मा | | | | | | ३१५५८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१५,५८७ |

४६ **गैर सरकारी संस्थासंग साझेदारी -**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा गैरसरकारी संस्थाबाट काम गराउने सकिने व्यवस्था अन्तर्गत जन चेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सबलीकरण,मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदै छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समायवधि,कामको गुणस्तर,जनशक्ति,कार्य सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने र ९९(२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ व २०८०।८१ मा निम्नानुसारका खानेपानि आयोजना सञ्चालन गर्न नेपाल स्वास्थ्यको लागि पानी(NEWAH) नामक गैर सरकारी संस्थासंग संस्थाकै प्रस्तावना बमोजिम सम्झौता गरी आयोजनाको कुल लागत अनुमान तयार गरेर दक्ष मिस्त्री ज्याला, सामाग्री खरिद,बालुवा ढुवानी. ज्याला,जडान,पाईपलाईन जस्ता सामानमा खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेको देखिएको छ । कार्यसम्पन्न पश्चात भुक्तानी क्रममा पालिकाले लागत व्यहोर्ने कार्यको मात्र कार्यसम्पादन प्रतिवेदन पेश गर्ने गरेको देखिएकोले सम्झौतामा उल्लेख भएको सम्पूर्ण लागत अनुमान बमोजिम नै प्राविधिक नापजाँच सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

| आयोजनाको नाम | कुल लागत अनुमान | नेवा साझेदारी | पालिका साझेदारी | जनश्रमदान | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| गैरीगाँउ खानेपानि आयोजना | २६४२४०६ | १२०४९३४ | ६९६२०८ | ७४१२६३ | ५२८१४० |
| पाथिभरा भोटेगाँउ खानेपानि आयोजना | ४०२७९०८ | १९०७९७५ | ८७९३८८ | १२४०५४५ | ८७२७७५ |
| सुम्नामबेशी बाक्सुखोला खानेपानि आयोजना | ४४०८८४५ | २२११४३१ | ११८०४०६ | १०१७००८ | ११३२२०० |
| गुरुङछाप खानेपानि आयोजना | ३४११२३३ | १५०४४९० | ८७४०२९ | १०३२७१४ | ८७४०२५ |
| खुरहरी खानेपानि आयोजना | ७१९०८९५ | २७७५१५८ | २१६१२६१ | २२५४४७६ | २०६३०९५ |

४७ **खाङसाङ स्वास्थ्य चौकी -**

FRM/Sindhuli/Works/NCB/03/2077/78 मा निर्माण व्यवसायि श्री लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स संग मिति २०७७।११।२५ मा २०७८।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी खाङसाङ स्वास्थ्य चौकी भवन निर्माण योजनाको कुल लागत रकम रु १४९३८२७५.६५ को ४०.३९ प्रतिशत बराबर घटी रकम रु ८९०५३९५.४३ सम्झौता गरेकोमा हालसम्म पटक पटक म्याद थप गर्दा अन्तिम म्याद २०८१।७।१४ सम्म रहेको देखिएको छ । स्वास्थ्य चौकीको भवन निर्माण कार्य पुरा हुन सकेको छैन हाल सम्म भौतिक प्रगति ५२ प्रतिशतको रहेको तथा भुक्तानी रु ४६७२१३१.६९ रहेको देखिएको छ । लेखापरीक्षण अवधिमा निर्माण कार्यको निम्ति राखिने पफरमेन्स बोन्ड को म्याद समेत १४ अगस्ट २०२४ मा नै सकिएको छ ।पटक पटक पत्राचार गर्दा पनि निर्माण व्यवसायि सम्पर्कमा नआएको पालिकाको भनाई रहेको छ । यसरी निर्माण कार्य अलपत्र पारी निर्माण व्यवसायि सम्पर्कमा नआँउदा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरुप आवश्यक निर्णय गरी योजना फरफारक गरीनु पर्दछ ।

४८ **अन्य निकायको खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था छ । सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाको पालना वेगर कार्यालयले छुट्टै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई निम्नानुसार भुक्तानी गरेको छ। यसरी अन्य निकायको भुक्तानी हुनु नियम सम्मत देखिएन ।

| **भौनं मिति** | **कार्यालयको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ५२।२०८०।६।८ | प्रहरी चौकी खाङसाङ | मोटरसाइकल मर्मत | १३६९२ |
| १०५।२०८०।६।२९ | सुनिता सुवेदि | रत्नावती प्रहरी चौकी भाडाकुँडा खरिद | ९१८० |
| २३४।२०८०।११।०९ | प्रहरी चौकी खाङसाङ | मोटरसाइकल मर्मत | ११४७५ |
| ४००।२०८१।३।१७ | प्रहरी चौकी खाङसाङ | मोटरसाइकल मर्मत | १२४१० |
| ११०।२०८१।०१।२३ | सशस्त्र प्रहरी बल नेपाल विपद व्यवस्थापन वेश खुर्कोट | प्रिन्टर खरिद तथा मोबाइल खरिद | ४९७२० |
| १९८।२०८१।३।२३ | जिल्ला प्रहरी कार्यालय सिन्धुली | सवारी साधन मर्मत | १५३९१७ |
| १९९।२०८१।३।२३ | जिल्ला समन्वय समिति सन्धुली | सवारी मर्मत | ९८४२० |
| **जम्मा** | | | **३४८८१४** |

४९ **अध्ययन तथा शैक्षिक अवलोकन भ्रमण खर्च -**

यस वर्ष पालिकाका अन्तर्गतका ३२ जना कर्मचारी, शिक्षक तथा जनप्रतिनिधि नेपालको विभिन्न भागका स्थानीय तहले न्यायिक तथा शैक्षिक क्षेत्रमा गरेको असल अभ्यास अवलोकन गरी अवलोकन भ्रमणमा यस वर्ष रु ४,२६,९५५।- खर्च गरेको देखिएको छ।उक्त भ्रमणबाट सिक्ने पक्ष आवासिय विद्यालय संचालनका लागि न्यायिक क्षेत्रमा विभिन्न स्थानिय तहले अवलबम्वन गरेको असल अभ्यास

रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्वन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन । खर्च उपयोगिताको सुनिश्चित हुनुपर्दछ ।

| कार्यालयको नाम | भ्रमणमा जानेको संख्या | स्थान | भ्रमण अवधि | उद्देश्य | खर्च रकम |
|---|---|---|---|---|---|
| पालिकाका विभिन्न कर्मचारी तथा पदाधिकारी | २० | कास्की तँनहु पाल्पा नवलपुर | २०८०।११।२०देखि २०८०।११।२४ | न्यायिक समितिले विभिन्न स्थानिय तहमा अवलम्वन गरेको असल अभ्यासको अवलोकन | ३०७११० |
| विभिन्न पदाधिकारी कर्मचारी तथा शिक्षकहरु | १२ | खोटाङ जिल्ला रुपाकोटगढि नपा | २०८१।१।१६ देखि २०८१।१।१८ | आवासिय विद्यालय संचालनका लागि अवलोकन | ११९८४५ |
| **जम्मा** | | | | | ४,२६,९५५। |

५० **इन्धन खर्च** -

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम अध्यक्षले तथा उपाध्क्षले मासिक ८० लिटर ईन्धन र ५ लिटर मोविल, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन / अन्य प्रयोजन समेत ७ वटा चार पाङ्ग्रे र १९ वटा दुई पाङ्ग्रे सवारी साधन सहित २६ सवारीको लागि बार्षिक रु ४०,७५,४९१।६३ ईन्धनमा खर्च गरेकोमा लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

५१ **फिक्कल चुचुरो खानेपानी योजना** -

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **विनियोजन अनुसार रकम प्राप्त नभएको** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न सकिने, सोही ऐनको नियमावली २०७७ को नियम २८ मा बजेट अख्तियारी तथा निकासा तथा सोही नियमावलीको नियम ३० मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा निर्माणाधीन १० बेडको हस्पिटलका लागि यस बर्ष शुरुमा रु ९० लाख बजेट शीर्षकमा देखियो। मिति २०८१।३।२४ सम्म रकम नआएकोले पालिकाले संघीय सरकारको संघीय सर्शत पुँजीगत शीर्षकबाट रकम निकासा नहुँदा भौ. न. २५ मिति २०८०।१२।८ मा रु ६९,३५,०१०।- खर्च गरेकोमा मिति २०८१।३।२५ मा पुन सिग्यास बाट रु ४७,२२,०००।- रकम आएकोले संघीय सर्शतको रकम पालिकाले मिति २०८१।३।२६ मा चेक मार्फत खर्च लेखि उक्त शीर्षक समायोजन गरी पालिकाको आन्तरिक खातामा दाखिला गरेको छ भने बाकी रहेको रु २२,१३,०१०।- पालिकाबाट नै खर्च भएकोले संघीय शःशर्त पुँजीगतको रकम संघीय सरकारले पालिकालाई सोधभर्ना गर्नुपर्ने देखिन्छ।

५३ **संघीय सरकार समपुरक योजना** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरण रकम फिर्ता गर्ने व्यवस्था अनुसार संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय समपुरक अनुदानबाट प्राप्त योजनामा पचास प्रतिशत पालिकाले व्यहोर्नु पर्नेमा गुरुङ्ग छाप खुरहरि भन्ज्याङ्ग भगरे खोले गाँउ चनौरी सडक स्तोरोन्नति को लागी खर्च भएको रु ९०,०५,९५०।- मा पालिकाले रु ४५,०२,९५७।- खर्च व्यहोर्नु पर्नेमा रु ३२,३९,२८०।- मात्र खर्च व्यहोरेकोले पालिकावाट रु १२,६३,६९५।- समपुरक रकम खर्च गरेको देखिएन यसरी नियम बिपरित खर्च गरेको रकम संघीय सञ्चित कोष मा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,६३,६९५ |

५४ **पूर्वनिर्धारित क्षतिपूर्ति** -

सार्वजनिक खरीद नियमावली, २०६४ को १२१ मा आपुर्तिकर्ता, परामर्शदाता, सेवाप्रादायक वा निर्माण व्यवसायीको ढीलाईका कारणले खरीद सम्झौता वमोजिम कार्य सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। पालिकाले ढुङ्गा गिटी उत्खनन तथा विक्रिको ठेक्का आह्वान गरी श्री सुमन सप्लायर्ससँग मिति २०८०।७।१४ मा रु. १६,९९,९१२।- को सम्झौता गरेको छ।पालिकालाई सो वापतको रकम सम्झौता अनुसार तोकिएको समयमा नबुझाई देहाय अनुसार ढीला बुझाएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि.नं. | बुझाउनुपर्ने किस्ता प्रतिशत | बुझाउनुपर्ने समय | बुझाउनु पर्ने रकम | बुझाएको मिति | रकम | ढिला दिन | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | पहिलो २५ | सम्झौता भएको २५ दिनभित्र | ४२४९७८ | २०८०।११।२४ | ४२४९७८ | १०२ | २३७५१ |
| २ | दोस्रो ४० | फाल्गुन मसान्त भित्र | ६७९९६५ | २०८०।११।२४ | ७५०२२ | | |
| | | | | २०८१।१।३० | ५००००० | ६० | १३९७१ |
| | | | | २०८१।२।३१ | १०४९४२ | ९१ | २११९० |
| ३ | तेस्रो ३५ | जेष्ठ मसान्त भित्र | ५९४९६९ | २०८१।२।३१ | ४५०००० | | |
| | | | | २०८१।३।१२ | २४९९१२ | | |
| जम्मा | | | | | | | ५८९१२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९१२ |

५५ **पालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा** -

पालिकाको प्रशासकिय भवन सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार रहेका छन्।

५५.१ (क) पालिकाको ३.५ तलाको भवनको लागि विस्तृत परियोजना प्रस्ताव (डि.पि.आर.) मा systematic engineering Associates कन्सन्टेन्सी प्रा. लि. कलंकीले ३.५ तलाको भवनमा लिफ्टको लागि ठाउँ खुलाईएको तर स्फेसिफिकेशन अनुसार डिजाईन गराएको देखिदैन। जसले गर्दा विस्तृत परियोजना प्रतिवेदनम उल्लेख हुनुपर्ने स्पेशिफिकेशन डिजाईन भएको पाईएन। पालिकाले उक्त भवन निर्माण गर्नका लागि वि.ओ.क्यूको आईटम नं. ४४ मा Supply Installation 1 No. 6 persons gear less passenger लिफ्ट (४०८ के.जी.) तलाको स्पेशिफिकेशन अनुसार जे.ऐल./OT01/0047/E/A00 खरिद गरि भुक्तानी दिनुपर्नेमा निर्माण व्यवसायीले PRIDEC कम्पनीको लिफ्ट ल्याई निजले वि.ओ. क्युमा उल्लेखित स्पेशिफिकेशन अनुसार सामान उपलब्ध गराएको देखिएन ।यसरी स्पेशिफिकेशनमा तोकिए अनुसारको सामान नल्याएको अवस्थामा रु १८,००,०००।- मा मूल्य अभिवृद्धि कर सहित खर्च लेखेको रकम नियमित मान्न नसकिने रु.

| | |
|---|---|
| अनियमित भएको | १८,००,००० |

५५.२ (ख) शहरी विकास तथा भवन निर्माण मन्त्रालय, शहरी भवन निर्माण विभाग ववरमहलको नेशनल विल्डिङ्ग कोड NBC 206:2015 ३.४ को A मा Provision of (lift) shall be made for all building above 5 stories or 16 meter in height हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाको १३ मिटर उचाई रहेको पालिकाको प्रशासकीय भवनमा समेत लिफ्ट प्रयोग गरि खर्च लेखेको देखिएकोले शहरी विकास भवन निर्माण विल्डिङ्ग कोड अनुसार कार्य गरेको पाईएन।

५६ **कक्षा ८ परिक्षा संचालन** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१७,५६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **ई लर्निङ कार्यक्रम** -

१३८।२०८१।३।१९ कोभिड १९ बाट पुगेको क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइको निरन्तरताका लागि पालिकाले विद्यालयलाई आवश्यकता आधारमा ई लर्निङ का सामाग्री खरिद गरी वितरण गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष इ लर्निङ शिर्षकमा ब्रान्डेड डेल को ३ वटा कम्प्युटर र क्यानन एल पि बि लेसर प्रिन्टर ३ वटा गरि जम्मा रकम रु ३९६९६९ बराबर खरिद गरि भुक्तानी दिएको छ । हालसम्म पनि सामाग्री पालिकाको जिन्सी शाखामा नै रहेको हुँदा विद्यालय र विद्यार्थीको आवश्यकता आँकलन गरी आवश्यकताको विश्वसतता भएपछि मात्र खरिद गर्नुपर्नेमा सामान किनेर राख्ने कार्य उचित देखिएन ।

५८ **सवारी साधन मर्मत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ७ वटा चार पाङ्ग्रे र १९ वटा २ पाङ्ग्रे सवारी साधन मर्मत गरेवापत वार्षिक रू १५०००००।०० खर्च गरेको छ ।

५९ **सफ्टवेयर खरिद** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष योजना सम्वन्धी सप्टवयेर सफ्टेक इन्फोसिस प्रालिलाई नविकरण वापत रु. ६१३२५ भुक्तानी गरेको छ ।

६० **राजश्व अभिलेख** –

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।पालिकाले आन्तरिक राजश्व रु ९४४४४३१।५६ र अन्य राजस्व स्थानीय रु १४११३५७ गरि जम्मा रु १०८५५७८८।५६ आम्दानी देखाएको छ भने प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धतिको विकास भएको पाइएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सबै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

६१ **कर संकलन** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ८७,६०,०००।- गरेकोमा असुली रु १०८५५७८८.५६ भएको छ ।जुन अनुमानको तुलनामा १२३.९२ प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । विभिन्न शिर्षकमा असुलि गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| भुमिकर / मालपोत | ५००००० | ७५७९२४.४९ |
| बहाल कर | १००००० | ४५६५४९.४ |
| परिक्षा शुल्क | १००००० | १०५५००० |
| बेरुजु | १००००० | १०१९२५७ |
| सिफारिस दस्तुर | ५००००० | ३३७४०८ |
| कृषि तथा पशुको व्यवसायिक कारोबारमा लाग्ने कर | २००००० | २९२७६५ |
| बहाल बिटौरी कर | २००००० | १२६०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १५९४१०.७६ |
| अन्य मनोरन्जन कर | १००००० | ० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००० | १५५३०० |
| अन्य कर | १००००० | ४९०९२७६ |
| नाता प्रमाणित दस्तुर | १०००० | ९४०० |
| अन्य राजश्व | ६४००००० | १६९०९०७.९१ |
| जम्मा | ८८६०००० | १०८५५७९८.५६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६२ **घर जग्गा बहाल कर -**

गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत कर संकलन गरेको छैन।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

६३ **सामाजिक सुरक्षा भत्ता -**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार प्राइम कमरर्सियल बैँक मार्फत पहिलो किस्ता बाहेक अन्य किस्ता लाभग्राहीको खातामा ई.एफ.टी गरी भत्ता वितरण गरेको छ।

| सि.नं. | सा.सु किसिम | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जेष्ठ अन्य | ९८० | ११७१०६४० | ९८१ | ११७१६६८५ | ९९६ | ११८५९१४४ | १००० | ११८९२९६१ |
| २ | जेष्ठ दलित | १३७ | १०८४७४८ | १४० | १११६६६८ | १४५ | ११४६४६० | १४१ | ११११८८० |
| ३ | जेष्ठ एकल महिला | १०८ | ८५९१८० | १०९ | ८६९८२० | १०४ | ८२९९२० | १०३ | ८१३९६० |
| ४ | विधवा | १७४ | १३८३२०० | १७५ | १३९११८० | १८१ | १४३११६९ | १८८ | १४७०९८० |
| ५ | पूर्ण अपाङ्ग | ५१ | ६०६४८० | ५१ | ६१०४७० | ५० | ५९८५०० | ५२ | ६११८०० |
| ६ | अति अशक्त अपाङ्ग | ११८ | ७३४१६० | ११९ | ७५५४४० | १२२ | ७७०३३६ | १२४ | ७८५३६९ |
| ७ | दलित वालवालिका | २८८ | ४३९७६६ | २९० | ४४२९७० | २९१ | ४४४२८८ | २८९ | ४४६२५५ |
| जम्मा | | १८६५ | १६८१९७७० | १८६५ | १६९०३२३३ | १८८९ | १७०७९८१७ | १८९७ | १७१३३२०५ |
| **कुल जम्मा** | | | | | | **६७९३६०२५** | | | |

६४ **ज्येष्ठ नागरिक मिलन केन्द्र तथा दिवा सेवा केन्द्र -**

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय को चलानी नम्बर १०६ मिति २०८०।१०।२२ मा ज्येष्ठ नागरिक मिलन केन्द्र तथा दिवा सेवा केन्द्र स्थापना र सञ्चालन कार्यक्रम सञ्चालनका लागी पालिकालाई रु ३,७५,०००।- अख्तियारी दिएको साथै उक्त पत्रको बुदा नं. २ मा स्थानीय तहले भवन लगायतका भौतिक संरचना भएको स्थानमा आफै वा प्रचलित कानुन बमोजिम संघसंस्था छनौट गरी त्यस्ता संस्थामार्फत सेवा केन्द्र सञ्चालन गर्न सक्ने र यस बाहेकको अवस्थामा स्थानीय तहले आफै सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने बुदा नं. ४ मा मिलन केन्द्र सेवा केन्द्रमा हावा र प्रकाशको पहुँचको पर्याप्त व्यवस्था, सफा पिउने पानीको उपलब्धता, शौचालय, प्राथामिक उपचार कक्ष, मनोरञ्जनका सामाग्री, पुस्तकालय लगायतको व्यवस्था सहित ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची २ मा उल्लेख भए बमोजिमका सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने तथा बुदा नं. ८ मा अख्तियारी भएको रकम तोकिएको उदेश्यका लागी मात्र रकम खर्च गर्ने कुरा उल्लेख छ। पालिकाले यस अन्तर्गत विनियोजित भएको बजेट बाट प्रज्ञा ट्रेडर्स बाट मादल, बासुली, मजुरा जस्ता बाजाहरु रु ९०,३०४।- बराबरको र एस.ए.फर्निचर फर्निसिङ्ग सप्लायर्स बाट दराज, एल. इ. डी. टीभी, कार्पेट, पङ्खा, वेन्च लयायत सामाग्री रु २,५१,१९९।- गरी रु ३,४१,५०३।- मा खरिद गरेकोमा खरिद गरेको सामान लेखापरिक्षणको समयसम्म स्टोरमा मौज्दात रहेको छ। सामानको उचित उपयोग र संरक्षण गरिनुपर्दछ।

६५ **स्वास्थ्य तर्फको दरबन्दी पदपूर्ति -**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | १० | २० | ० | २० | २११५६ |
| स्वास्थ्य चौकी | ६ | ३६ | १७ | १८ | |
| जम्मा | १६ | ५६ | १७ | ३८ | |

उक्त विवरण अनुसार पालिकामा जम्मा १० आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकी गरी जम्मा १६ वटा स्वास्थ्य संस्थाहरु रहेकोमा स्वास्थ्य चौकीमा मा कुल ३६ दरबन्दी रहेकोमा हाल १७ पद स्थायी र १८ पद करार मार्फत र आधारभूत स्वास्थ्य सेवा

केन्द्रमा २० करार सेवाबाट पुर्ती गरी यस वर्ष २११५६ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

६६ **औषधी खरीद** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम १ ( क ) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझै खरीद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन नगरी सोझै विधिवाट १ वटा फर्म वाट रु ७२०९६०। को खरीद गरेको छ ।यस वाट आपुर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञ वाट मुचुल्का उठाइ राख्ने नगरेको , आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन । औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६७ **बढी दरमा सेशन** -

२५।२०८१।३।१६ वागमती प्रदेश प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को अनुसुची १ को सि.नं. ३ मा सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने र एक दिनमा बढीमा ४ सेशन गर्न सकिने व्यवस्था छ साथै अधिकृतस्तरको तालिममा प्रति सेशन तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकले प्रशिक्षण गरे वापत रु.४००।- र कार्यपत्र वापत रु.१०००।- गरी रु.१४००।- पाउने तर सम्बन्धीत निकायको कर्मचारीले प्रशिक्षण गरेमा कार्यपत्र बापत मात्र पाउने व्यवस्था छ। पालिकाले मिति २०८१।२।१४ देखि १६ सम्म (३ दिने) वडा स्तरमा सञ्चालन गरेको बाल बिवाह अन्त्यका लागि विद्यार्थी तथा सामुदायिक महिला स्वयंसेविकाहरुलाई अभिमूखिकरण कार्यक्रमको पेश्की फर्स्यौटका लागि नारायण प्रसाद अधिकारीले पेश गरेको विल भरपाईमा प्रशिक्षक श्री प्रेम खड्कालाई दैनिक १५००० मा कर कट्टा गरी भुक्तानी दिने गरी मिति २०८१।२।१० मा सम्झौता भएको देखिएकोमा सात दिन भन्दा कम अवधिको तालिममा प्रदेश खर्च मापदण्ड विपरित सम्झौता गरी खर्च भुक्तानी गर्न मिल्ने नदेखिएकोले प्रशिक्षक श्री प्रेम खड्कालाई प्रति दिन बढिमा ४ सेसनको कक्षा वापत ४०० र कार्यपत्र वापत रु १००० गरि अधिकतम १४०० मात्र दिन मिल्ने देखिएकोले ३ दिनको प्रति सेशन १४०० का दरले १२ सेसनको कर बाहेक रु १४२८० भुक्तानी गर्नुपर्नेमा कर बाहेक रु ३८२५० भुक्तानी गरेकोले बढि भुक्तानी रु २३९७० प्रेम खड्काबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,९७० |

६८ **आमा सुरक्षा कार्यक्रम** -

संघिय सरकारबाट शर्त सहित हस्तान्तरित कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं १.७.२ मा नेपाली महिलाको प्रजनन सम्बन्धी अधिकार लाई संरक्षण,प्रोत्साहन र सुरक्षित गर्ने प्रयोजनको लागि स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिलालाई आमा सुरक्षा कार्यक्रम अन्तरगत हिमाली जिल्लामा यातायात खर्च वापत रु ३००० कम्तिमा ४ पटक गर्भ जाँच गरेवापत रु ८०० र प्रसुति गराउने स्वास्थ्य संस्थालाई एक जना महिलालाई सुत्केरी गराएवापत रु २५०० भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा प्रसुती गराउदा लाग्ने खर्च भुक्तानी गरी बाँकी रहेको रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको मिति २०८० आषाढ १० गतेको गाँउसभाले पास गरेको नीति तथा कार्यक्रमको सामाजिक विकास क्षेत्र को बुँदा नं ५ अनुसार गर्भवती महिलालाई सुरक्षित सुत्केरी सेवा प्रयोजनार्थ स्वास्थ्य संस्थामा गर्भवती चेकजाँच गराउँदा प्रत्येक पटक रु १००० का दरले प्रदान गरिने भत्तालाई निरन्तरता दिइनेछ भन्ने कुरा व्यवस्था गरेको देखिन्छ उक्त कार्य वापत लाग्ने खर्च पालिकाले आफ्नै आन्तरिक आय बाट भुक्तानी दिनुपर्नेमा आमा सुरक्षा कार्यक्रमको बजेट बाट निम्नानुसारको भौचर र स्वास्थ्य संस्थालाई भुक्तानी दिएको देखिएकोले यसरी नियम विपरित भुक्तानी दिएको रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | भुक्तानी भएको स्वास्थ्य संस्था | भुक्तानी रकम |
|---|---|---|
| ४२।२०८०।९।१७ | सम्राम पोखरी स्वास्थ्य चौकी | ५००० |
| ८०।२०८१।१।२६ | सम्राम पोखरी स्वास्थ्य चौकी | ९९००० |
| १३७।२०८१।३।१७ | रत्नावती स्वास्थ्य चौकी | २३३००० |
| १७५।२०८१।३।२३ | महादेव डाँडा स्वास्थ्य चौकी | ३१०००० |
| | सोल्पाठाना स्वास्थ्य चौकी | १२०००० |
| जम्मा | | ७६७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६७,००० |

६९ **बैठक भत्ता असुल -**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७० **बहुक्षेत्रीय पोषण कार्यक्रम -**

नेपाल सरकारबाट मिति २०८०।१२।१२ मा स्वीकृत भई कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रोले कुपोषण अन्त्य मानव पूँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्ने दीर्घकालिन सोच पूरा गर्न मानव जीवन चक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चितता गर्ने उद्देश्यले जारी पोषण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० को परिच्छेद ५ (१०) मा पोषण मैत्री स्थानीय तह घोषणा कार्यक्रम रहेको छ । जसमा स्थानीय तहले पालना गर्नुपर्ने सूचक तथा कार्यविधि उल्लेख गरेको छ । पालिका भित्र पोषण मैत्री स्थानीय तह घोषणा कार्यक्रम लागु भई कार्यान्वयनमा आएको छ जसका लागि नेपाल सरकारबाट रकम रु ५० लाख विनियोजन भएकोमा पालिकाले रु ५० लाख नै खर्च गरेको देखिएको हुँदा सञ्चालित कार्यक्रमले सरकारको लक्ष्य प्राप्तिमा के कति मात्रामा उद्देश्य हासिल भयो सोको नियमित अनुगमन गरी प्रतिवेदन पेश गरीनु पर्दछ ।

७१ **अनुगमन मूल्याङ्कन -**

पोषण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० को परिच्छेद ५ पोषणमैत्री स्थानीय तह घोषणाको दफा १० मा अनुगमन तथा मूल्याङ्कन शीर्षकमा अनुसूची २ बमोजिमका सूचकमा हासिल भए नभएको अनुगमन मूल्याङ्कन गराउनु पर्नेछ। उक्त अनुगमन समिति जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षता सहित १३ जनाको हुनेछ सोही समितिले अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाले तोकिएको सूचक भन्दा बाहिरको कार्यक्रम निर्माण गराई कार्यपालिकाको बैठकबाट अनुमोदन गरी अध्ययन अवलोकन शीर्षकमा रु ५००००० बजेट विनियोजन गरी पालिकाभित्रका पदाधिकारी तथा कर्मचारी संलग्न गराई नेपालको पहिलो पोषण मैत्री वडा घोषणा भएको अमरगढी नगरपालिकाको १० नं वडा अवलोकन गरी रु ७९२००० खर्च गरेको देखिएकोले पोषणमैत्री घोषणा भएको वडाबाट प्राप्त अनुभव तयार गरि अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको पाइएन ।

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को

सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकामा यस वर्ष सुचिकृत बेरोजगार २२४४ जना मध्ये १११ जनाले यस आ.व. मा पालिका अन्तर्गतका ६ वटा वडामा ५१ वटा कार्यक्रम सञ्चालन भई रू. ६०३००३६ - खर्च भएको र २ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु. २० हजार र ३ जनाको तलब भत्तामा रु.१४१९९९९ खर्च भएको छ । सञ्चालित योजनाको संख्या तथा रोजगार संख्याको व्यहोराहरु निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम/योजना संचालन संख्या | रोजगारसंख्या | कुल खर्च रकम | रोजगार संयोजक प्रा स लगायतको तलब चाडपर्व र पोशाकमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | १० | १७ | ९८७३०४ | १४३९९९९ |
| २ | १० | १८ | ९४३२१६ | |
| ३ | ७ | २० | ११७१६७२ | |
| ४ | ६ | १७ | १०२१३७२ | |
| ५ | ११ | १९ | ९०९८१६ | |
| ६ | ७ | २० | ९९६६५६ | |
| कुल खर्च रकम | | १११ | ६०३००३६ | |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा रु ६०३००३३६ खर्च भएको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी दिनुपर्दछ ।

७३ **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम -**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ५ करोड २० लाख को लागत साझेदारीमा मिति २०८१।०२।१८ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७८।८।३ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७५ प्रतिशतले हुने रकम रु ३ करोड ९० लाख पालिकाले र बाँकी हुने रकम रु १ करोड ३० लाख हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु ८६,५४,३९२।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन । फिक्कल गाँउपालिका र हेफर प्रोजेक्ट नेपाल नामक गैर सरकारी संस्था सँग देहायका उदेश्य राखी मिति २०८१।०२।१८ सम्म कार्य अवधि रहेको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम संचालन गर्न कुल बजेट रु ५ करोड २० लाखको ७५ प्रतिशतले हुने रु ३ करोड ९० लाख पालिकाले व्यहोर्ने र बाँकि २५ प्रतिशतले हुने रु १ करोड ३० लाख हेफर प्रोजेक्टले व्यहोर्ने गरि मिति २०७८।०८।०३ मा सम्झौता भएको पाइयो।हाल यो परियोजना फेज आउट भएको छ।

- आवद्ध लाभग्राहिलाई स्वालम्बी समूहहरु तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पूँजिको अभिवृद्धि गर्नु,
- व्यवसायिक कृषि तथा तरकारी उपजहरुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न तथा बजार व्यवस्थापनमा सुधार गर्नु,
- सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु
- बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ।

सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी २५ प्रतिशत अंश व्यहोर्ने हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिका अन्तर्गत कृषि तथा पशुहरुको गुणस्तर सुनिश्चितता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो प्रोजेक्टको नाममा आर्थिक बर्ष २०८०।८१ मा रु ८६,५४,३९२।- खर्च लेखेको छ। परियोजनाको सम्झौता सो को कार्यन्वयनको अवस्था कार्य सञ्चालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन। यस सम्बन्धमा व्यहोरा निम्नानुसार रहेका छन।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक नीजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था भए पनि गैर सरकारी संस्था सँग स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २५ बमोजिम गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैर सरकारी संस्थावाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ९९ मा गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनको लागी त्यस्तो कामको आवश्यकता , कामको गुणस्तर, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी कम्तीमा १५ दिनको अवधिको सूचना मार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्था सँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन मा स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैर सरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले लागतको ७५ प्रतिशत खर्च रु ३ करोड ९० लाख व्यहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपाल सँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्र सँग अमिल्दो तथा सोहि नियमावलीको नियम ९९(८) मा दश लाख रुपैया भन्दा वढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्नेमा सो समेत गरेको देखिएन।

(ख) योजना तथा कार्यक्रमका लागि बजेट तयार गर्दा बढी प्रतिफल वा उपलब्धी प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय श्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने, योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्दछ। योजना सञ्चालनको तेस्रो वर्षमा पालिकाको ७५ प्रतिशतमा पशु खरिद तथा ढुवानीमा रु २३ लाख ७९ हजार, वागवानी तथा ढुवानीमा रु २१ लाख ६० हजार, कृषि सामाग्री तथा यन्त्रमा रु ६६ लाख , तालिममा रु ११ लाख ८३ हजार तथा प्राविधिक सेवा तथा मूल्याङकनमा रु २६ लाख ७८ हजार गरी रु १ करोड ५० लाख विनियोजन गरिएकोमा रु ८६ लाख ५४ हजार ३९२ खर्च गरेको छ। पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङकन नै नगरी कार्य गैर सरकारी संस्थाबाट गराउनु जवाफदेही र औचित्यपूर्ण रहेको पुष्टि हुन सकेन। हेफर प्रोजेक्टले सो परियोजनाका लागी २५ प्रतिशत खर्च व्यहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रममा संचालन सँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहेकोले सो खर्चको मितव्ययिता र दक्षता बिश्लेषण गर्न सकिएन।

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा कुनै फर्म, संस्था वा कम्पनिलाई पेश्कि दिँदा प्रचलित कानुन वमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम संचालनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको सि.नं. ७.२.२ वमोजिम पेश्कि दिएको पाइयो। सम्झौताको उक्त दफामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्तामा ५० प्रतिशत र तेस्रो किस्तामा २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ। वर्षान्तमा पेश्कि बाँकि नरहेता पनि जमानत वेगर पेश्कि दिँदा सो को अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्किका लागी छुट्टै बैंक खाता नखोली पेश्कि उपलब्ध गराएको र मासिक रुपमा खर्चको फाटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन। आर्थिक कार्यविधि कानुनको प्रावधान विपरित जमानत बेगर पेश्कि दिन मिल्ने व्यहोरो सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्था सँग वेमल हुने गरी सम्झौता गर्दा पेश्कि

रकमको सुरक्षण हुने देखिएन। सम्झौता गर्दा पेश्किको सुरक्षण हुने गरी गरिनुपर्दछ।

(घ) सम्झौताको सि.नं. ७.२.४ मा आयकर निर्देशिका २०६६ अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी सो को दाखिला गर्ने जिम्मेवारी दोस्रो पक्षको हुने भन्ने र दोस्रो पक्षलाई सम्झौतामा उल्लेखित किस्ता रकम अग्रिम कर कट्टी नगरी उपलब्ध गराउनुपर्ने छ भन्ने व्यवस्था अनुरुप हेफर प्रोजेक्ट लाई यस वर्ष रु रु ८६,५४,३९२।- खर्च गरेकोमा ६५ लाख पेश्किको रुपमा उपलब्ध गराएकोमा के कुन विषयमा अग्रिम कर कट्टा गरेको छ सो को विवरण पेश हुन सकेन।

(ङ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने व्यवस्था रहेको छ। हेफर प्रोजेक्ट लाई दिएको रकममा पशु खरिद तथा ढुवानीमा रु २१,८३,००५।-, वागवानी तथा ढुवानीमा रु ४५,९७,२४४।-, कृषि सामाग्री तथा यन्त्रमा रु ५,४९,१३७।-, तालीममा रु ६,६३,३३०।- र प्राविधिक सेवा तथा मूल्याङ्कनमा रु ६,६१,६७६।- गरी रु रु ८६,५४,३९२।- खर्च गरेकोमा खरिद तथा ढुवानीमा खर्च गरेको विवरण पेश गरेकोमा कति सामाग्री खरिद गरिएको हो सो खरिद गर्दा सार्वजनिक खरिद नियमावली प्रयोग गरेको पाइएन।

(च) कर सम्बन्धमाः आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानिमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उद्यमशीलता परियोजनाका लागी यो बर्ष हेफर प्रोजेक्ट लाई रु ८६,५४,३९२।- खर्च लेखेकोमा हेफर प्रोजेक्ट नेपालले मूल्य अभिवृद्धि कर जारी नगरेको अवस्थामा ऐन बमोजिम लाग्ने १५ प्रतिशतका दरले कर कट्टा नगरी भुक्तानी दिएको छ।

(छ) हेफर प्रोजेक्टसंग सम्झौता गर्दा ३ वर्ष भित्रमा पालिकाले रु ३,९०,००,०००।- रकम उपलब्ध गराउने गरी सम्झौता भएकोमा यस आ.व.मा रु. ८६,५४,३९२।– खर्च देखिन्छ। निजको सेवाको शर्तको सि.न. ६ मा दोस्रो पक्षको जिम्मेवारी परियोजना क्षेत्रमा क्रियाकलाप संचालन गर्ने, योग्यता अनुभव प्राप्त कर्मचारी नियुक्त गर्ने, बार्षिक कार्ययोजनामा भएको क्रियाकलाप कार्यान्वियन गर्ने, परियोजना व्यवस्थापन कार्यान्वियन, श्रोत व्यवस्थापन का सम्बन्धमा प्रथम पक्ष (पालिका) लाई जानकारी गराउने, प्रगति प्रतिवेदन तयार गरि प्रथम पक्ष (पालिका) लाई जानकारी दिने जस्ता क्रियाकलाप गर्नुपर्नेमा पालिकाका कृषि तथा पशु सेवाका नियमित कार्यक्रम सवै हेफरबाट संचालन गरेको छ । पालिकामा दरबन्दिमा रहेका कर्मचारीहरुले पशु तथा कृषि क्षेत्रको कुनै पनि कार्यक्रम संचालन गरेको पाईएन। पालिकाले निजसंग सम्झौता गर्दा निजलाई रकम नछुट्याएको कारण संघ प्रदेश र स्थानीय तहका कृषि तथा पशुपन्छी सेवा शाखालाई विभिन्न कार्यक्रम संचालन गर्न छुट्याएको बजेट बाट हेफरले कार्यक्रम संचालन गरेको देखिन्छ। उदाहरणका रुपमा पालिकाको बजेट नं. २९० मा गाउँपालिका तथा वडामा परिजिवि विरुद्धको औषधी खरिद, प्रदेश सरकारको सि.न. ४२०, ४२१ तरकारी विकास कार्यक्रम/फलफुल प्रर्वद्धन कार्यक्रम र संघीय सरकारको सि.न. ३३७ आ.व. ०७९/८० मा स्थापना भएको सुन्तला जातका फलफुल पकेट विकास कार्यक्रम जस्ता क्रियाकलाप हेफरबाट संचालित भएका छन् ।पालिकामा दरबन्दिमा रहेका कर्मचारीहरुले पशु तथा कृषि क्षेत्रको कुनै पनि कार्यक्रम संचालन गरेको पाईएन।

## ७४ **विद्यालय र विधार्थी संख्या** -

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ५४ | ५१३० |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ५४ सामुदायिक विद्यालयमा ५१३० जना विधार्थी अध्यनरत रहेको देखिन्छ ।

## ७५ **प्रति विद्यार्थी लागत** -

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २०४९६००० | २०५२४२८२३ | ५१२३ | ४००६३ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. ४००६३।– रहेको छ ।

७६ **शैक्षिक गुणस्तर -**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ३६५ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको उत्तिर्ण संख्या देहाय बमोजिम रहेको छ

| क्र.स. | जिपिए | सहभागी विद्यार्थी संख्या | उत्तिर्ण विधार्थी संख्या | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | ३.६१ - ४.०० | ३६५ | २ | ०.५५ |
| २ | ३.२१ - ३.६० | | ७५ | २०.५५ |
| ३ | ३.२१ भन्दा कम | | २३४ | ६४.११ |
| | जम्मा | | ३११ | ८५.२१ |

उल्लेखित तालिका अनुसार सामुदायिक विद्यालयबाट सहभागी ३६५ जना विद्यार्थी मध्ये ३.६१ - ४.०० जि.पि.ए. ल्याउने २ जना, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने ७५ जना र ३.२१ भन्दा कम जि.पि.ए. ल्याउने २३४ जना गरी ३११ जना विद्यार्थी उत्तिर्ण भएको देखिन्छ ।जसअनुसार सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४०,०६३।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

७७ **गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) -**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष ४३ जना सहभागि गराई ४ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु ६९२२२७ खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्री गरी राजस्व दाखिला गर्ने तथा विक्री नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएको साथै प्रत्येक वर्ष सञ्चालन गरेका सिपमूलक कार्यक्रममा सहभागि भएका व्यक्तिहरु के कति मात्रामा लद्युउद्यमि बन्न सफल भए सोको अनुगमन तथा मूल्याङकन गर्ने गरेको नपाइएकोले यस तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

७८ **प्रविधि हस्तान्तरणमा लागत सहभागिता -**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्रहीले कुल मुल्यको २० प्रतिशत बराबर रकममा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मोडलमा नयाँ उद्यमी सिर्जना गर्ने प्रयोजनका लागि ५ जना उद्यमी लाई रु २९०००० बराबरको कम्वाइन राइस मिल वितरण गरेकोमा उद्यमीको हिस्सा रु ५६००० मध्ये रु ४८००० पालिकाको आन्तरिक आय खातामा दाखिला गरेको प्रमाण पेश गरेको र बाँकी रकम रु ८००० असुल गर्न नै बाँकी रहेको छ ।साथै सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने उद्देश्यले रु १४०००० बराबर को अल्लोको लुगा बनाउने सामाग्री खरिद तथा वितरण गरेको देखिएकोले प्रविधि हस्तान्तरण गरिएकोमा लागत सहभागिताको हिस्सा रकम रु २८००० नदेखिएकोले संघिय सर्शतको कार्यक्रम भएकोले पालिकाको आन्तरिक आय खातामा लाभग्राहीको हिस्सा रकम जम्मा गर्न नमिल्ने भएकोले आन्तरिक आयमा दाखिला भएको रकम र उठन बाँकी लाभग्रहीको हिस्सा कार्यविधि मा उल्लेख गरे बमोजिम लाभग्रहीको हिस्सा सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्ने लाभग्राहीको हिस्सा २० प्रतिशत बराबरले हुन आउने रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ८४,००० |
|---|---|

७९ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती-**

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ५४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २४४ | ११८ | १२६ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा २४४ दरबन्दी रहेकोमा ११८ जना स्थायी पदपूर्ती र १२६ जना राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ ।

८० **शैक्षिक सुदृढीकरण अनुदान -**

पालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् ५१ विद्यालयका निजी स्रोतका शिक्षकको तलब भत्ता वापत रु.५३,३०,३१७।०० भुक्तानी गरेको छ ।निजि श्रोत शिक्षक नियुक्ति गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षण सिकाई आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च गरेको छ ।यसरी आन्तरिक श्रोत शिक्षक व्यवस्थापन गर्दा शैक्षिक गुणस्तर वृद्धि भयो भएन सो को अनुगमन गरिनुपर्दछ ।

८१ **संघीय संचित कोषमा फिर्ता -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,५३६,०२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

८२ **शिक्षक विद्यार्थि अनुपात -**

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८० चैत्रको विवरण अनुसार पालिका अन्तरगतका केही विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री प्रकाशोदय मा.वि. खोलागाउँ | १४ | २८७ | १:२१ |
| २ | श्री जनकल्याण नि.मा.वि. नयागाँउ | ७ | १७२ | १:२५ |
| ३ | श्री आधारभुत विद्यालय काउलेडाडा | ८ | २०० | १:२५ |
| ४ | श्री मा.वि. महादेवडाँडा | १८ | ३८३ | १:२१ |
| ५ | श्री मा.वि. सालुके | १५ | ३४३ | १:२३ |
| ६ | श्री प्रा.वि. देउराली | ३ | ३४ | १:११ |
| ७ | श्री जनप्रिय प्रा.वि. भालिथुम्का | ३ | १७ | १:६ |
| ८ | श्री पटनदेवी प्रा.वि. धमिनी | ४ | १५ | १:४ |
| ९ | श्री सरस्वती प्रा.वि. दर्वे | ३ | १५ | १:५ |
| १० | श्री आधारभूत विद्यालय बाहबिसे ठुलढुंगा | ७ | ६३ | १:९ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाकाअन्तर्गत रहेका ५४ वटा विद्यालयमा २४४ जना शिक्षक र ५११३० जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको छ । श्री जनकल्याण नि.मा.वि. नयागाँउ र श्री आधारभुत विद्यालय काउलेडाडाको शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ त्यसैगरी श्री पटनदेवी प्रा.वि. धमिनी विद्यालयको शिक्षक विद्यार्थी अनुपात १ : ४ रहेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

८३ **सेनेटरी प्याड** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८०१ को कम्पोनेन्ट २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्राहरुको कम्तिमा १० महिनालाई पुग्ने स्यानीटरी प्याड निशूल्क रुपमा वितरण गर्ने व्यवस्था रहेको छ । यस पालिकामा रहेका ५४ विद्यालय मध्ये कक्षा ५ देखि माथि अध्यापन गराईने ३५ विद्यालयका १३२३ छात्रालाई मासिक रुपमा आवश्यक पर्ने जम्मा १५५८० प्याकेट बराबर माग संकलन गरी १५५८० प्याकेटका लागि रु १०१.७ का दरले रु १६४०५७४ बराबरको लागत अनुमान तयार गरी ठेक्का नं FRM/Sindhuli/Goods/SQ/04/080-81 बाट शिलबन्दी दरभाउ पत्र आव्हान गरेकोमा ३ वटा फर्म ले बोलपत्र दर्ता गरेकोमा सबैभन्दा कम रु ५२१४७१.९५ मा कवोल गर्ने श्री एन्जल टच म्यानिफ्याक्चरिङ बाट १५५८० थान प्रतिथान रु ३३.४७०६ (भ्याट सहित) का दरले रु ५२१४७१.९५ रकम बराबर सेनेटरी प्याड मिति २०८१।२।२मा खरिद भुक्तानि दिएको देखिएको छ । यसरी खरिद गरिएका सेनेटरी प्याड वितरण गर्दा परिमाण मा नखुलाई १३ वटा विद्यालयलाई ५३ बोरा का रुपमा हस्तान्तरण गरेको भर्पाई पेश भएको हुँदा के कति मात्रामा वितरण भए कति स्टक छन सो कार्यमा विश्वसस्त हुन सकिएन ।वितरण गर्दा यथार्थ रुपमा परिमाण खुल्ने गरि वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८४ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** -

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

८५ **पारिश्रमिक कर** -

आयकर ऐन २०५८ को दफा ८७ मा भुक्तानीमा १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ ।देहायको भौचरबाट भुक्तानी गरेको रकममा पारिश्रमिक कर कट्टा गरेको नदेखिएकोले पारिश्रमिक कर असुल गरि दाखिला गर्नुपर्दछ।

८५.१ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५.२ २३९।२०८०।११।१९ पालिकाले मिति २०८०।८।१३ र १४ गते आयोजना गरेको लगानी सम्मेलनमा दोहोरी प्रतिष्ठान नेपालका पूर्व अध्यक्ष श्री बद्रि पंगेनीलाई २ दिनको ५०००० मा सम्फौता गरेको देखिन्छ र सम्फौतामा नियमानुसार कर कट्टा गरी भुक्तानी गरिने छ भनि उल्लेख गरिएकोमा निजको पारिश्रमिकमा १ प्रतिशत रु ५०० कर कट्टा गरी रु ४९५०० भुक्तानी गरेको देखिएकोले नपुग १४ प्रतिशत कर रु ७००० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,००० |

८५.३ २३९।२०८०।११।१९ पालिकाले मिति २०८०।८।१३ र १४ गते आयोजना गरेको लगानी सम्मेलनमा राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान नेपालका सदस्य श्री दिनेश काफ्लेलाई २ दिनको २०००० मा सम्झौता गरेको देखिन्छ र सम्झौतामा नियमानुसार कर कट्टा गरी भुक्तानी गरिने छ भनि उल्लेख गरिएकोमा निजको पारिश्रमिकमा १ प्रतिशत रु २०० कर कट्टा गरी रु १९८०० भुक्तानी गरेको देखिएकोले नपुग १४ प्रतिशत कर रु २८०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८०० |

८६ **सेनेटरी प्याड डिस्पोजल मेसिन** -

सामुदायिक विद्यालयका छात्राहरुलाई वितरण गरीएका सेनेटरी प्याड को व्यवस्थित गर्नका लागि माध्यामिक स्तरमा सञ्चालन भएका १३ वटा विद्यालयलाई हस्तान्तरण गर्ने प्रयोजनका लागि कोटेशन विधिबाट श्री हलेशी जनरल सप्लायर्स बाट प्रति दिन १०० वटा सम्म सेनेटरी प्याड डिस्पोज गर्न सक्ने क्षमताको मेसिन प्रति मेसिन रु ५३५००(भ्याट सहितको रकम) का दरले १३ वटा मेसिनको रु ६९५५०० भुक्तानी गरी १३ विद्यालयलाई वितरण गरेको देखिएको छ ।

८७ **ढुवानी खर्च** -

पालिकामा डिस्पोजल मेसिन र सेनेटरी प्याड प्राप्त भएपछि विद्यालयमा हस्तान्तरण गर्ने गर्दा एउटै प्रकृतिका स्यानीटरी प्याड र डिस्पोजल मेसिनलाई एकै पटक व्यवस्थापन गर्न सकिनेमा १३ वटा विद्यालयमा स्यानीटरी प्याड हस्तान्तरण गर्न सवारी धनी श्री डम्बर बहादुर रजन मगरसंग प्रति दिन रु १०००० का दरले २० दिनको रु २००००० र डिस्पोजल मेसिन हस्तान्तरण गर्न सवारी धनी श्री दिपक माझी संग ९ दिनको लागि रु १०००० को दरले रु ९०००० भुक्तानी दिएको देखिएको छ ।यसरी एकै स्थानमा सामाग्री ढुवानी गर्नको लागि पनि फरक फरक दिन को सम्झौता गरी भुक्तानी दिँदा पालिकालाई रु २००००० थप व्ययभार परेको देखिन्छ । आगामि दिनमा पालिकाले एकै स्थानमा एकै प्रकृतिको सामान ढुवानी गर्दा एकै पटक सामाग्री ढुवानी गर्ने व्यवस्था मिलाइ मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८८ **पाठ्य पुस्तक** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ ।यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई निकासा दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक

सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा ७५ प्रतिशत रकम निकासा दिएकोमा दोस्रो पटक विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग भएमा मात्र बाँकी रकम भुक्तानी दिनुपर्नेमा यस बर्ष पालिकाले ५४ वटा विद्यालयका ४७९० विद्यार्थीका लागि पाठ्य पुस्तक वापत रु ४११२५७४ निकासा गरेकोमा नमूना छनौट गरी तथ्याङक भिडान गर्दा निम्नानुसारका विद्यालयमा पाठ्यपुस्तक वापतको रकम बढी निकासा भएको देखिएकोले बढी भएको रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| स | विद्यालयको नाम | जानुपर्ने निकासा | गएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | श्री चण्डिका मा.वि. चनौटे | १२९३९७ | १५०९६६ | २१५६९ |
| २ | श्री जनकल्याण नि.मा.वि. नयागाँउ | ८६९२१ | ९८३९३ | ११४७२ |
| ३ | श्री आधारभूत विद्यालयतिनखण्डे राइगाँउ | २९५५२ | ३०८३१ | १२७९ |
| ४ | श्री रत्नगंगा मा.वि. सोखुडिहिटार | १३४६६६ | १७३५४२ | ३८८७६ |
| ५ | श्री मा.वि. सुम्नाम सुन्तले चण्डिभञ्ज्याङ | १९४६६९ | २०७८०७ | १३१३८ |
| | जम्मा | ५७५२०५ | ६६१५३९ | ८६३३४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,६१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१४,७९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,४९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९,७१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,०२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,८३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,२८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,९५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,२५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९,९४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,७०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२३,३६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,२८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,७०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,३७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२,८३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,६३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,३३४ |

८९ **दिवा खाजा** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुप्रयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ व २०८०।८१ मा प्रथम त्रैमासिकमा रु १६१६३७० दोस्रो त्रैमासिकमा ११०१७५० तेस्रो त्रैमासिकमा १७७१५७५ र चौथो त्रैमासिकमा १६९०३३५ गरी वर्षभरिमा जम्मा रु ६१८००३० खर्च गरेको देखिएको छ। पालिकाले दिवा खाजा कार्यक्रम के कति मात्रामा प्रभावकारी रह्यो पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

९० **सामुदायिक विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा सम्बन्धमा** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भएका शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धका विषयमा निम्नानुसार देखिएको छ।

९०.१ श्री लोक प्रकाश आधारभूत विद्यालयमा कार्यरत शिक्षक दिल बहादुर श्रेष्ठ मिती २०८०।५।१७ मा नियुक्त भई मिती २०८०।११।१२ सम्म विद्यालयमा कार्यरत रहेकोमा तेस्रो त्रैमासिकमा पोशाक भत्ता, चाडपर्व खर्च र तलब गरी रु १,४६,७०६।- निकासा गरेको छ। निजलाई फागुन १२ गतेसम्मको तलब रु ४८८६२ र चाडपर्व खर्च रु ३२,०००।– गरी रु ८०,८६२।- निकासा दिनुपर्नेमा बढी निकासा भएको पोशाक भत्ता रु १०,०००।-, र तलब रु ५५,८४४।- गरी जम्मा रु ६५,८४४।- सम्बन्धीत विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६५,८४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९०.२ महाकाली माध्यामिक विद्यालयका शिक्षक ठाकुर तिमिल्सेना २०८१।०३।२ गतेबाट लागु हुने गरी नियुक्त भएकोमा असार महिनाको रु ३८,५९२।- निकासा दिनुपर्नेमा चौथो त्रैयमासिकमा ३ महिनाको रु १,१५,७७७।- निकासा भएकोले बढी भएको निकासा सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७७,१८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९०.३ पालिकाले श्री सुनकोशी मा.विका शिक्षक खगेन्द्र ढकाललाई विद्यालय कितावखानाले तोकेको ग्रेड संख्या २ ग्रेड दिनुपर्नेमा ३ ग्रेड दिएकोले निकासा दिनु भन्दा बढी निकासा दिएकोमा ग्रेडदर रु १४५६ ले हुन आउने ६ महिना को रकम रु ९६१० सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,६४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,६४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,६४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६१० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : फिक्कल गाउँपालिका, सिन्धुली , फिक्कल गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | डम्बर बहादुर रजन मगर | २०८०-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | छत्र बहादुर बानियाँ | २०७९-६-९ | २०८०-६-१० |
| लेखा प्रमुख | गोविन्द जि.सी. | २०८०-८-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६२७,८६१ | १०,०३०,४५७ | १२,४४३,९४७ | ० | ० | ६६०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,७६२,२६५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८,१५१,१८७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १५,६११,०७८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २४८२०७८१.८७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३११०९०१२८ | चालु खर्च | ३२९४२४३२०.०२ |
| प्रदेश सरकारबाट अनुदान | ४३६७९६७३ | पूँजीगत खर्च | १२०१८४३९६ |
| राजश्व बाँडफाँट | ९४२७६१७८.९ | वित्तीय/अन्य व्यवस्था | ८७६९२४६२.३ |
| आन्तरिक आय | १०८५५७८८.५६ | | |
| अन्य आय | ८७८१३७४३.८१ | | |
| कुल आय | ५४७७१५५१२.२७ | कुल खर्च | ५३७३०११७८.३२ |
| बाँकी मौज्दात | | ३५२३५११५.८२ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।